लेखापरीक्षण प्रतिवेदन

दुहवी नगरपालिका, सुनसरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दुहवी नगरपालिका, सुनसरी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/700

"

श्रीमान् नगर प्रमुखज्यू,

दुहबी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, सुनसरी ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/700

श्रीमान् प्रमुखज्यु ,

दुहवी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

सुनसरी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको लेखापरीक्षणबाट रु २ करोड ८५ लाख ०३ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु ३३ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड १५ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु ९७ लाख ८० हजार र पेश्की बाँकी रु ३६ लाख ५७ हजार गरी जम्मा रु २ करोड ८५ लाख ५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु ४१ करोड ७३ लाख ७० हजार र यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु ४४ करोड ५१ लाँख ९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ।मिति २०८१।०५।२३ र २४ गतेको जेन जि आन्दोलनको क्रममा पालिकाको कार्यालयमा आगजनी हुदाँ पालिकाको चालुर्तफको प्रमाण कागजाता आंशीकरुपमा नष्ट भएको ब्यहोरा अवगत हुन आएकोमा स्थानिय संचितकोष ब्यवस्थापन प्रणाली (SUTRA) को डाँटावाट सुचना लिदाँ गत आ व २०८१।०८२ मा पालिका चालुतर्फको कुल २८९२ वटा भौचर सिर्जना भएकोमा २६२५ सम्मका भौचरहरु मात्र लेखापरीणका लागी पेश भएको र सङ्घीय सर्शत चालूतर्फ ४२६ वटा भौचर रहेकोमा ३८३ सम्मको भौचर तथा सो

सँग सम्वन्धित प्रमाण कागजात र बीलबीजक लेखापरीक्षणको क्रममा पेश हुन आएकोले सो भन्दा पछिल्ला स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

२.४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।नगरकार्यपालिका,नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेकाछन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७३	१३७	२,८५,०५,३३३	०	०	०	०	७३	१३७	२,८५,०५,३३३	३३,३२,२३८	९७,७९,६५९	१,१५,३६,९३४	०	०	२,१३,१६,५९३	३८,५६,५०२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुनसरी	४१७३६९८९३	०	७,६६,२९०	४१६६०३६०३	०	२,८५,०५,३३३	४४५१०८९३६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	८६.१०	सडक मर्मत	९,९००
२	२०८०/८१	९८	मोटरसाईकल मर्मत	४३,८४०
३	२०८०/८१	१०१	फरक दरमा भत्ता	८,५००
४	२०८०/८१		गोश्वार भौचर र कागजात	४,२५,०००
५	२०८०/८१	३५	आन्तरिक लेखापरीक्षणको बेरुजू	७,६५०
६	२०८०/८१	२१	अद्यावधिक पेश्की बाँकी	३,००,०००
७	२०७९/८०	१५१	विल भर्पाइ	३,००,०००
८	२०७९/८०	१४३	दुइसन्तानका आमाहरुलाई भेटघाट तथा अन्तरकृया कार्यक्रम	२,५५०

९	२०७९/८०	१३५	करार कर्मचारीको महंगी भत्ता	१९,८००
१०	२०७९/८०	१४५	अन्तरपालिका अवलोकन भ्रमण	५,१००
११	२०७८/७९	८.२०	संगठन तथा कर्मचारी व्यवस्थापन	६०,६२०
१२	२०७७/७८	१३९	निर्देशिका विपरीत भत्ता भुक्तानी	१,७००
१३	२०७७/७८	१३२	दोहोरो भत्ता	४,९३०
१४	२०७७/७८	१३७	कार्यालय समयमा भत्ता भुक्तानी	१,७००
जम्मा				११,९१,२९०

दुहवी नगरपालिका, सुनसरी

(८०११४४०२३००)

दुहवी नगरपालिका , सुनसरी

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यस पालिकामा १२ वडा र ६५ सभा सदस्य रहेका छन् । पालिकाको क्षेत्रफल ६७.७५ वर्ग किलोमिटर तथा १५०३० घरधुरी, ७३.२ प्रतिशत साक्षरता दर र ६६०७४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय र व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०९।१६ देखि २०८२ ।११।०२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति : पालिकाको, आय – व्ययतर्फको रु. २२३४४०७५०९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम एवं अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

आय तर्फ				व्ययतर्फ			
सि.न.	विवरण	रकम	रकम	सि.न.	विवरण	रकम	रकम
१	गत आ.ब.कोजिम्मेवारी		७३४४३२२८	१	चालु खर्च		५५२०४६०७९
	संचित कोषखाता	३१००१९०८			दुहवी नगरपालिका चालु	३१६८८०२०	
	धरौटी खाता	३११८४४३६			सङ्घीय हस्तान्तरित कार्यक्रम	२३२३७४०५९	
	कार्यालयसंचालन कोष खाता	११२५६८८४			प्रदेश हस्तान्तरित कार्यक्रम	२७८४०००	
२	आन्तरीकराजश्व	८८५२१८४६	१४३६४५४१३		संघ र प्रदेश शशर्त रकम फिर्ता	२२४९४६०९	
	सथानीय	५५१२३५६७					
३	सङ्घीयसरकार		६४३३४०७८८				
	वितियसमानिकरण अनुदान	१४४२४६७२०		२	पुंजीगत		२६२७१२७४४
	राजश्वबाडफाट	१०४९९५५३८			दुहवी नगरपालिका	११४७४८१६८	
	सशर्तअनुदान चालु	२४८४७४५३०			सङ्घीय हस्तान्तरित कार्यक्रम	१२०६२४५६७	
	समपुरकअनुदान	१०००००००			प्रदेश हस्तान्तरित कार्यक्रम	२७३४०००९	
	सशर्तअनुदान पुजीगत	१३५६२४०००		३	सामाजिक सुरक्षा तथा संरक्षण	१८२४२३००८	१८२४२३००८
४	प्रदेशसरकार		५२३१६७०६	४	गरिबसंग विषेश्वर	४१४२०५	४१४२०५
	क. वितियसमानिकरण अनुदान	१००२९०००		५	धरौटी खाता	१४८४५५५२	१४८४५५५२
	राजश्वबाडफाट प्रदेश	११३९९७०६		६	अन्य कोष खर्च	९६९५९१२५	९९०७४३३८
	ख. सशर्तअनुदान चालु	२७८८०००		७	बैक मौज्दात		८४८१८८८५
	३. समपुरकअनुदान र पुजीगत अनुदान	२८१०००००			संचित कोषखाता	५५४३०७७९	
५	अन्तरसरकारी अख्तियार				धरौटी खाता	२८३३०५००	
					विविध खर्च खाता	१०५७६०६	
	सामाजिकसुरक्षा तथा संरक्षण		१८२४२३००८				
	गरिबसंगविश्वेस्वर		४१४२०५				
६	धरौटीआय		११९९१६१७				
७	अन्य कोषआय		८८७५९८४८				

	जम्मा		११९६३३४८११				११९६३३४८११

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सि.न.	शिर्षक	खर्च
१	सामाजिक सुरक्षा तथा संरक्षण	१८२४२३००८
२	गरिबसँग विशेश्वर कार्यक्रम	४१४२०५
	जम्मा	१८२८३७२१३

३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क्र.सं.	विवरण	बजेट	खर्च	बजेट खर्च %	बजेटश्रोत %
१	आर्थिक विकास	३५,१८,५६,५१४.५१	२२,९८,०१,४२३.३४	६५.३१	२.७७
२	सामाजिक विकास	४,१५,८९,८२,२५१.४३	३,४०,५०,९१,४२६.६०	८१.८७	३२.७९
३	पूर्वाधार विकास	४,७६,३६,००,३५४.४७	२,९९,४२,८०,१५२.७१	६२.८५	३७.५६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२४,२१,०५,२१७.३८	१८,०५,४६,४४४.६५	७४.५७	१.९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	३,०३,०९,७३,२७६.६०	२,६६,३५,५२,३५१.८९	८७.८७	२३.९
६	जम्मा	१२,५४,७५,१७,६१४.३९	९,४७,३२,७१,७९९.१९	७५.४९	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये पूवाधार विकासमा सबैभन्दा बढी ३७.५६ प्रतिशत र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा सबैभन्दा घटी १.90 प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको

नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५ बजेट पेश,पारित र अख्तियारी

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।सो सम्वन्धमा पालिकाको ब्यहोरा निम्नानुसार रहेको छ ।

विवरण	विवरण/ रकम
उपप्रमुखको नाम	मेनुका पोखरेल
बजेट पेश मिति	२०८१/ 0३/ १०
बजेट पारित मिति	२०८१/ ०३/ १०
प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिएको मिति	२०८१/ ०४/ ०१
पारित रकम	१,०५,१८,७४,७०५

ऐनमा तोकिएको अवधि भन्दा २१ दिन ढिलो गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा निर्धारित अवधि भित्र खर्च गर्ने अख्तियारी दिई आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६ बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वियन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वियन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ

क्र सं	नीति तथा कार्यक्रमको बुँदा नं	नीति तथा कार्यक्रमको वेहोरा
१	पुर्वाधार बिकास सम्वन्धि नीति (३)	दुहवी नगरपालिका भित्रका स्थायी ठेगाना भएका सिटी रिक्सालाई दर्ता गरी ब्यवस्थित गरिनेछ ।
		दुहवी नगरपालिकाभित्र निर्माण सडकहरुको मर्मत सभ्भार गर्नका लागि प्राविधिक टोली सहितको Infrastructure Ambulance को ब्यवस्थापन गर्ने कार्य गर्न आवश्यक तयारी गरिनेछ ।
२	संस्थागत विकास र सेवाप्रवाह सम्वन्धि नीति(५)	वित्तीय सुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयवाट भएको आर्थिक वर्ष २०७९।०८० को लेखापरीक्षण प्रतिवेदनले औल्याएको नियमित गर्नपर्ने,असुल उपर गर्नुपर्ने,प्रमाण पेश गर्नुपर्ने लगायतका बेरुजु फछ्र्यौट गर्न सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समयावधिमा बेरुजु फछ्र्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने ब्यवस्था मिलाईनेछ । यसका लागि बेरुजु सफ्टवेयरमा बेरुजुको विवरण अद्यावधिक गरी राखिने व्यवस्था गरीएको छ ।

नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वियन गर्ने व्यबस्था हुनुपर्दछ ।

७ त्रैमासीक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				अषाढ महिनाक खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
	२६२६७५८१६	२५५५१५१७	४२४३२१८६	४४८७०९७४	१४९८२११३९	१०६०८७११९
	१००	९.७३%	१६.१५%	१७.०८%	५७.०४%	४०.३९%

जस अनुसार यो वर्ष पुँजीगततर्फ रू २६करोड २६ लाख ७५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२ करोड ५५लाख ५१ हजार अर्थात ९.७३ प्रतिशत, दोस्रो त्रैमासिकमा रू ४ करोड २४ लाख ३२ हजार अर्थात १६.१५प्रतिशत, तेस्रो त्रैमासिकमा रू. ४ करोड ४८ लाख ७० हजार अर्थात १७.०८ प्रतिशत र चौथो त्रैमासिकमा रू. १४ करोड ९८ लाख २१ हजार अर्थात ५७.०४ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. १० करोड ६० लाख ८७ हजार अर्थात ४०.३९ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रुपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ । साथै, दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं

कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्याबधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन ।

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

९ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ तथा कोशी प्रदेश निजामती सेवा ऐन, 2081 तथा कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु ८,१८,२९,११४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुनसक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१० करार कर्मचारी ब्यवस्थापन

१०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। पालिकाले यो वर्ष कार्यालय सहयोगी, स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रू. ६९४८१८५३।२ खर्च लेखेको छ।उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएका देखिएन। साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ।

सि नं	पद तह	संख्या	तलब भत्तामा भएको खर्च रकम
	दरबन्दी भित्रका करार कर्मचारीहरु		
१	एक गाँउ एक प्राविधिक	४	१,८२,०००
२	कृषि/ पशु प्राविधिक	२	१३,०१,५०५.४
३	नगरस्तरीय करार(प्राविधिक र अप्राविधिक)	७५	३,०८,२३,९४१
४	प्रधानमन्त्री रोजगार कार्यक्रम	३	१६,९६,०२१
५	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण	३	१५,४१,७७६.०६
६	लघुउद्यम	२	१०,१९,१३७
७	स्वास्थ्य तर्फ करार कर्मचारी(ससर्त)	७	२०,९७,१८४.७
८	स्वास्थ्य करार	५०	२,१६,६७,6५२.५
९	नगर प्रहरी	१२	७०,३४,२९७.४०

१०.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ।पालिकाले दरबन्दी बाहिरको तपसिलबमोजिमको पदमा कर्मचारीहरु राखी तलबभत्ता बापत भुक्तानि भएको अनियमित रु

पद तह	संख्या	तलब भत्तामा भएको खर्च रकम
दरबन्दी बाहिरका करार कर्मचारीहरु		
सि.बि.आर सहजकर्ता	४	१६,४५,९६९

अनियमित भएको	१६,४५,९६९

११ **सेवा करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले नगरमा नगर प्रहरी १२ जना कार्यरत रहेको अवस्थामा पालिकाको सुरक्षाका लागि शान्ति रोमन सेक्युरिटी सर्भिस प्रा लि सँग सेवा करार सम्झौता गरी ५ जना सुरक्षा गार्डको सेवा लिएकोमा तपसिल बमोजिमको ब्यहोरा देखिएको छ ।

सेवाप्रदायक निकायको नाम	संख्या	दैनिक जिल्ला दररेट रु	मासिक भुक्तानि रु	भुक्तानि भएको रु	फरक भुक्तानि रु	असुली रु
शान्ति रोमन सेक्युरिटी सर्भिस प्रा लि	५ जना	८१५	१२२२५०	१३५६००	१३३५०	१६०२००

जिल्ला दररेट भन्दा बढीदरमा गरीएको भुक्तानि सम्वन्धित सेवाप्रदायक संस्थावाट असुली गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	१,६०,२००

१२ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१३ **सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्यावधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

क्र स	विवरण	सेवा प्राप्तीका लागि निवेदन संख्या	सिफारिस संख्या(सेवा प्राप्त)	कैफियत
1	नागरिकता सिफारिस	२६४९	२५८१	
2	घरबाटो सिफारिस	२४५६	२४२६	
3	नाता प्रमाणित	५१०५	५००७	
4	जन्म, मुत्यु र दर्ता	१९१९	१८८०	
5	अन्य	१३२८०	१३३५१	
6	कालो पत्रे सडक		२.५	कि.मि.मा लेख्रे
7	ग्राभेल सडक		४.८	कि.मि.मा लेख्रे
8	ट्र्याक ओपन		०.८०	कि.मि.मा लेख्रे

१४ **न्यायिक समीतीको कार्यसम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन कुल १३७ विवाद दर्ता भएकोमा ९२ वटा फर्स्यौट भई ४५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

कुल विवाद - १३७ कुल फछ्यौट विवाद - ९२ प्रकृया रहेका बाकी - ४५	मिलापत्र - ३७ निर्णय - ८ अन्य निकाय - ३३ फिर्ता - १४ प्रकृयामा रहेका -४५
	कुल विवाद - १३७

१५ **सहकारी नियमन**

१५.१ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४४ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१५.२ पालिकाको विनीयोजन ऐन २०८१ अनुसार पालिकाभित्रका सहकारीहरुलाई वार्षिक नवीकरण शुल्क तोकेकोमा तपसिल बमोजिमका सहकारीहरुले लेखापरीक्षण अवधिसम्म पनि सहकारी नवीकरण तथा सुचीकृत गरेको नदेखिएकोले नवीकरण शुल्क असुल गर्नुपर्ने रु

सि नं	सहकारीको नाम	बक्यौता नवीकरण शुल्क रु
१	श्री नन्दनी कृषि सहकारी संस्था लि.	२०००
२	श्री ब्यवसायिक कृषि सहकारी संस्था लि.	२०००

असुल गर्नुपर्ने	४,०००

१६ **आर्थिक सहायता वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू. ३५ लाख १७ हजार (आन्तरिक आयको ३.६७ प्रतिशत) हुन जान्छ। आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

क स	*विवरण*	*जम्मा रू*
१	*धार्मिक तथा सांस्कृतिक संस्था सहायता*	*११०००००*
२	*अन्य संस्था सहायता*	*१२६१०००*
३	*अन्य सामाजिक सहायता*	*११५६०००*
जम्मा वितरीत सहायता		*३५,१७,०००*

पालिकावाट वितरीत आर्थिक सहायताको विद्युतीय माध्यममार्फत (बेभसाईट) सार्वजनिकरण गर्नुपर्दछ ।

१७ **स्वास्थ्य बीमा कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यस वर्ष आर्थिक सहायता वितरण सम्बन्धी कुनै कार्यविधि समेत तयार नगरी निशुल्कर विपन्न तथा गरीव स्वास्थ्य बीमा सञ्चालन गरेको पाईयो । पालिकाले गरिब तथा विपन्न नागरिको स्वास्थ्य संस्थासम्मको पँहुचलाई सहज बनाउन सबै वडाहरुबाट समेटिने गरी यस आ व मा १८७० घरपरीवारको निश्चित साझेदारीमा स्वास्थ्य बीमा कार्यक्रम संचालन गरी रु ६६,५६,००,०००।०० खर्च गरेको छ । पालिकाले सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रमहरुलाई एकद्धार नीतिबाट संचालन गरी कार्यक्रमको प्रभावकारीता अभिबृद्धि गर्नुपर्ने देखिन्छ ।साथै स्वास्थ्य बीमा कार्यक्रममा सहभागीहुने बीमीतहरुको विद्युतीय अभिलेख पालिकाको बेभसाईट मार्फत सार्वजनिकरण र अद्यावद्यिक गर्नुपर्दछ ।

गो भौ नं । मिति	परिवार संख्या	भुक्तानि भएको रकम रु	कैफियत
६०२।२०८१।०७।११	५३२	१८८९०००	५०० साझेदारी
१२५३	५६४	२१६४०००	५०० साझेदारी
१९२०।२०८२।०१।२२	७७४	२६०३०००	५०० साझेदारी
जम्मा भुक्तानि भएको रकम रु	१८७०	६६५६०००	

१८ वितरमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग जस्ता शिर्षकबाट कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ ।साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न गरेकोमा थप प्रमाणको रुपमा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरण भएको यकिन हुनेगरी विवरण राख्नुपर्दछ ।साथै वितरीत सहायताको विद्युतीय अभिलेखीकरण गरी वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरण

गो भौ नं । मिति	वितरीत बस्तुको नाम	परिमाण	रकम रु	कैफियत
१४२४।२०८१।११।०५	सिरक	३१८	४०५०००	समानिकरण
१४८१।२०८१।११।०८	कम्मल	१३७	२४८४७०	समानिकरण
१४७८।२०८१।११।०८	कम्मल	१३३	१६९८२७	समानिकरण
१४९९।२०८१।११।११	न्यानो लुगा वितरण		३६३९१६	समानिकरण
१७७६।२०८१।१२।०७	जाडोको सिरक वितरण	२४५	३१२८४०	समानिकरण
२१५६।२०८२।०२।१९	जाडोको सिरक वितरण	२३५	३०००००	समानिकरण
		जम्मा खर्च भएको रकम रु	१८,८०,१३३	

१९ अनुदानको अनुगमन

सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकावाट खरिद तथा बितरण गरी श्रेस्ता साथ संलग्न भरपाईहरु जोड जम्मा नगरेको, ,अनुदानग्राहि छनौटको स्पस्ट मापदण्ड तयार नगरेको तथा मागको आधारमा खरिद गरि वितरण गरेको पाईयो ।यसै गरी पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।साथै पालिकावाट वितरण गरीने अनुदानको विद्युतीय प्रणालीमार्फत सार्वजनिकरण गर्नुपर्दछ ।केंहि उदाहरणहरु यसप्रकार रहेका छन ।

गो भौ नं ।मिति	वितरीत वस्तु	परिमाण के जि	मुल्य
८२७।२०८१।०८।११	गहुँको बीउ	१२०००	१२७५००
८३८।२०८१।०८।१३	आलुको बीउ	८०००	२५००००
१०४९।२०८१।०९।०८	मलखाद	२०५०	२५००००
११६९।२०८१।०९।२६	हाईब्रीड मकैको बीउ	१०४४	३२८६००
१२५६।२०८१।१०।१४	च्याउको बीउ	२५००	९८५००
१२८४।२०८१।१०।२१	तरकारीको मिनिकिट वितरण		२५००००
१७१६।२०८१।१२।१९	उन्नत कृषि सहकारी संस्था लि (धानको बीउ)	३५० पोका	१५००००
जम्मा भुक्तानि भएको रकम रु			१४५४६००

२० वितरणमुखी खर्च

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

गो भौ नं।मिति	कार्यक्रमको नाम	खर्च रु
५६३।२०८१।०७।०७	श्री गोल्डेन स्टार युथ क्लव	१२५०००
५७८।२०८२।०७।०९	जीवन विज्ञान प्रतिष्ठान	४९२५०
९१५।२०८१।०८।१९	थारु कल्याणकारी सभा नगर समीति	८५०००
९३९।२०८१।०८।२१	डाँफे युवा समुह	१५००००
११४०।२०८१।०९।२५	दुहवी ब्याडमिन्टन क्लब	५०००००
१३७९।२०८१।११।०२	थारु विद्यार्थी समाज जिल्ला कार्य समीति	२०००००
१३८३।२०८१।११।०२	थारु कल्याणकारी सभा नगर समीती	१०००००
१४४१।२०८१।११।०६	अभिभावक अन्तरक्रिया	२२२२००
२४४।२०८२।०२।२९	नगर प्रमुख छात्रबृत्ति कार्यक्रम	६१९६००

पालिकावाट गरिने खर्चमा उत्पादनशी तथा दीर्घकालीन प्रकृतिका नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी उत्पादकत्व अभिबृद्धि हुनेगरी खर्च गर्नुपर्दछ ।

२१ कानुन निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म तपसिल बमोजिमका ऐन,कानुन तथा कार्यविधिहरु निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।साथै पालिकाले हालसम्म जम्मा ११० वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि सवै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन तथा पालिकाको बेभसाईटमा प्रकासन गरेको समेत देखिएन कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	नर्म्स	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या	33	4	62	8	३	110

२२ **सार्वजनिक परीक्षण**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले उल्लिखित कानुनी व्यवस्था बमोजिम सार्वजनिक परीक्षण भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२३ **जिन्सी निरीक्षण प्रतिवेदन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९५, ९६, १०६, १०७ र १०८ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मर्मत तथा लिलाम गर्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस आर्थिक वर्षमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । अत पालिकाको जिन्सी मालसामानको अवस्था बारे यकिन हुन सकिएन । पालिकाले आगामी दिनमा नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सोही अनुसार जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२४ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च अन्तर्गत अतिथि सत्कार वापत रू ६७ लाख ७६ हजार (आन्तरिक आयको ७.०१ प्रतिशत) खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

२५ **पेश्की**

२५.१ **मोबिलाईजेसन पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायबमोजिमका निर्माण व्यवसायीलाई रु. १,२२,७२,३४७.०० दिएको मोबिलाईजेसन पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट भएको देखिएन । फस्यौंट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

पेश्की मिति	पेश्की लिनेको नाम	म्याद नाघेको
२०८१/०६/२२	एसोसिएट-जिसिएम-बैकुण्ठ जे. भी.	३३,१४,१७४.००
२०८१/०९/२४	अख्तर कन्स्ट्रक्सन प्रा.लि.	६,३९,०००.००
२०८१/१०/०३	अख्तर कन्स्ट्रक्सन प्रा.लि.	५,५०,०००.००
२०८१/१०/२२	अख्तर कन्स्ट्रक्सन प्रा.लि.	८९,०००.००
२०८१/११/०८	नेशनल निर्माण सेवा	३,३८,०००.००
२०८१/११/०८	पुष्पाञ्जली कन्स्ट्रकसन	३,६०,०००.००
२०८१/११/०८	एसोसिएट-जिसिएम-बैकुण्ठ जे. भी.	३३,१४,१७३.००
२०८१/११/२६	श्री महांकाल मनिष जे भी	१२,३४,०००.००
२०८१/१२/१२	श्री महांकाल मनिष जे भी	१२,३४,०००.००
२०८२/०१/२२	डिग्री । प्रचवी जे. भी.	१२,००,०००.००
	जम्मा	१,२२,७२,३४७.००

२५.२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कर्मचारी, निर्माण व्यवसायी तथा संस्थालाई रु. ४४५६५०२। दिएको म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट भएको देखिएन । फस्यौंट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

पेश्की मिति	पेश्की लिनेको नाम	म्याद नाघेको
पदाधिकारी		
२०८१/ ०९/ १४	म.मोस्तकी मियां	१,५०,०००.००
२०८१/ ०९/ १४	म.मोस्तकी मियां	१,५०,०००.००
२०८१/ १२/ ०४	तारिक चन्द्र सरदार	४,४०,०००.००
२०८२/ ०३/ १२	अरबिन्द कुमार बिश्वास	१,२०,०००.००
२०८२/ ०३/ १२	अरबिन्द कुमार बिश्वास	३,००,०००.००
२०८२/ ०३/ १२	अरबिन्द कुमार बिश्वास	८०,०००.००
२०८२/ ०३/ १२	तारिक चन्द्र सरदार	५,००,०००.००
२०८२/ ०३/ १२	तारिक चन्द्र सरदार	१,००,०००.००
२०८२/ ०३/ १२	विजय कुमार चौधरी	१,८५,०००.००
२०८२/ ०३/ १२	विजय कुमार चौधरी	१५,०००.००
२०८२/ ०३/ १३	माधव बहादुर भण्डारी	४,००,०००.००
२०८२/ ०३/ १५	रमेश कुमार रौनीयार	२,५०,०००.००
		२६,९०,०००.००
कर्मचारी		
२०८१/ ०६/ ०४	धिरेन्द्र कुमार सुतिहार	९५,०००.००
२०८१/ ०६/ १७	सीध्दार्थ कानगोई	८०,०००.००
२०८१/ ०६/ २२	अभिनाष गोसाई	६०,०००.००
२०८१/ ०६/ २२	अभिनाष गोसाई	६०,०००.००
२०८१/ ०७/ ०४	लिलानाथ ढुंगाना	३८,७०२.००
२०८१/ ०९/ २२	धिरेन्द्र कुमार सुतिहार	१,००,०००.००
२०८१/ ११/ ०८	उत्तम कुमार खतिवडा	१,००,०००.००
२०८२/ ०१/ २२	प्रतिमा दाहाल	१४,६००.००
२०८२/ ०१/ २२	संगिता कुमारी चौधरी	१३,२००.००
		५,६१,५०२.००
संस्थागत		
२०८१/ ०७/ २६	शब्दाक्षर मिडिया प्रा.लि.	१,५०,०००.००
२०८१/ ०९/ ०७	पुर्वान्चल विश्वविद्यालय	५०,०००.००

		२,००,०००.००
उपभोक्ता समिति		
२०८२/ ०१/ १२	सोनापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिती	१,००,०००.००
२०८२/ ०१/ २५	सोनापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिती	१,००,०००.००
२०८२/ ०२/ १४	सोनापुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिती	१,००,०००.००
		३,००,०००.००
व्यक्तिगत		
२०८२/ ०३/ १८	रामचन्द्र राज कुमार प्रदिप कुमार नागरिक बचत खाता	१,०५,०००.००
		१,०५,०००.००
जम्मा		३८,५६,५०२.००

पेश्की	३८,५६,५०२

२५.३ **पेश्की कट्टा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा खरिद सम्झौता बमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ बिल बिजकबाट कट्टा गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको भुक्तानी दिंदा रनिङ बीलबाट पेश्की कट्टी गरेको नदेखिएकोले पेश्की रकम नियमावली बमोजिम कट्टा गर्नु पर्दछ ।

गो.भौ.नं. र मिति	योजनाको नाम	निर्माण व्यवसायी	सम्झौता रकम	भुक्तानी रकम	पेश्की रकम	कट्टी गर्नु पर्ने पेश्की रकम
९८। ०८२। ०३।१४	Construction of Hospital Staff Quarter at Duhabi Municipality-11	डिग्री/प्रचवी जे.भि.,सुनसरी	१३९४३४०३।	७७८२८८३।	१२०००००।	८०००००।
१२०। ०८२। ०३। २३	Construction of Building with Shutter Work, Parking work, open shade, Public toilet, Drain slab, inter block work at Haatbajar, ward-4	श्री महांकाल मनिष जे.भि.	१४३२६०७५।	६३९४६६९।	२४६८०००।	१२३४०००।
	जम्मा					२०३४०००।

२६ मिनाहा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ मा प्राकतिक प्रकोप वा दर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमख जिल्ला अधिकारीको अध्यक्षतामा पाँच सदस्यिय समिति रहने, समितिले प्राकतिक प्रकोप वा दर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मल्याङ्कन गरी मल्य समेत खलाई सम्बन्धित केन्दीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्दीय निकाय निकायको सचिवले र सो भन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । कार्यालयले जेन्जी आन्दोलनबाट नष्ट भएको क्षतिको प्रहरी मचुल्का पेश गरेता पनि मिनाहाको लागि प्रक्रिया पुरा गरेको देखिएन । कानून बमोजिम मिनाहाको प्रक्रिया अघि बढाउनु पर्दछ ।

२७ फरक शीर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्ने र एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च शीर्षक लेख्नु पर्नेमा फरक शीर्षकवाट खर्च लेखेको देखिन्छ। यसरी खर्च शिर्षक फरक पारी लेखिएको खर्चलाई नियमसम्मत नदेखिएको रू

गो भौ नं मिति	भुक्तानि हुनेपर्ने शीर्षक	भुकत्तानि भएको शीर्षक	भुक्तानि भएको रकम रु	कैफियत
६०५।२०८१।०७।११	कार्यक्रम	अन्य फिर्ता	२०००००	गतवर्षको भुक्तानि
६५७।२०८१।०७।१३	शिक्षा	अन्य फिर्ता	१०००००	सरस्वती मा वि
६८८।२०८१।०७।१४	शिक्षा	अन्य फिर्ता	१६३८००	गतवर्षको भुक्तानि
६८९।२०८१।०७।१४	शिक्षा	अन्य फिर्ता	८३०००	गतवर्षको भुक्तानि
२४३४।२०८२।०३।१५	कार्यक्रम खर्च	पारीश्रमिक कर्मचारी	१९००००	
		जम्मा भुक्तानि भएको रकम रु	७३६८००	

अनियमित भएको	७,३६,८००

२८ **कार्यालय संचालन तथा ब्यवस्थापन खर्च**

२८.१ ईन्धन खर्चः अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त *विवरण अनुसार ४ पाङ्ग्रे तर्फ जिप ४ थान,* व्याकहोल्डर १ थान, दमकल १ थान, ट्रीपर १ थान ,ट्याक्टर २ थान र २ पाङ्गे ३४ थान गरी जम्मा सवारी साधन ४३ थान रहेकोमा इन्धन पदाधिकारी शीर्षकमा रु २०००००० र ईन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.६७,९८,०५० र गरी जम्मा रू 87,98,050 इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

२८.२ मर्मत खर्चः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार ४ पाङ्ग्रे तर्फ जिप ४ थान, व्याकहोल्डर १ थान, दमकल १ थान, ट्रीपर १ थान ,ट्याक्टर २ थान र २ पाङ्गे ३४ थान गरी जम्मा सवारी साधन ४३ थान रहेकोमा त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। उल्लिखित सवारी साधनहरुको मर्मतमा रु ३७ लाख ४९ हजार खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

२८.३ मसलन्द तथा कार्यालय सामग्री - सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी निम्नानुसार रू ५७ लाख ५० हजारको कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

२८.४ भ्रमण खर्च : स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई स्वीकृत भ्रमण आदेशका आधारमा अनुगमन मुल्याङ्कन खर्च रु

१०,२०.०००।, अनुगमन मुल्याङ्कन खर्च रु ३४००००।०० (संघीय सशर्त तर्फ) र भ्रमण खर्च रु ४८९५०००।०० गरी जम्मा रु ६२,५५,०००।००भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट अन्य पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।
-पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमण आदेशमा मन्त्रालयमा कागजात पुर्याउन,योजना माग गर्न जस्ता विषय उल्लेख गरेको ।
- स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।
- पालिका भन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै असम्बन्धित ब्यक्तिहरुको समेत भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२९ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि निम्नानुसार खर्च गरेको कार्य मनासिब देखिएन ।नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८१(पत्रसंख्या ०८०।८१) मिति २०८२।१०।११ को पत्रानुसार राष्ट्रिय सतर्कता केन्द्रको २०८१।०९।१९ को निर्णयनासुर लेखि आएबमोजिम यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने हुँदा खर्च नियमित नदेखिएको रु.

भौ न मिति	विवरण	प्रयोजन	खर्च रकम
११५।२०८१।०६।१३	बाबुराम ढकाल (प्रहरी चौकी बर्जु)	मर्मत	१८७३८
१८३।२०८१।०६।१६	दुहवी जेसिस	तिज सप्ताह कार्यक्रम	५०००००
५१३।२०८१।०७।०६	प्रभुनारायण चौधरी (प्रहरी)	मर्मत	९०००
५४२।२०८१।०७।७	CRV पोष्टको सवारी मर्मत	वा १ झ ८०८२	९९२१२
९०३।२०८१।०८।११	गंगा अमात	घरभाडा	१४६५०
११११।२०८१।०९।२२	नेपाल जेसिस	महाधिवेशन सहप्रायोजक	५०००००
१५४१।२०८१।११।१८	CRV कार्यालयको सवारी मर्मत	BAC ३६१४	४००००
जम्मा खर्च भएको रकम रु			११,८१,६००

अनियमित भएको	११,८१,६००

३० खर्च मितब्ययिता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाको यस वर्षको आन्तरिक आय रु ९,५८,७८००० मात्र रहेको अवस्थामा समानिकरण अनुदान र राजश्व बाडफाँट बाट प्राप्त भएको रकमवाट देहाय बमोजिम रु २,०९,६४,००० खर्च लेखेको छ ।

खर्च विवरण	रकम रु
छपाई,पत्रपत्रिका तथा सुचना प्रकाशन खर्च	४१,७५,०००
सेवा तथा परामर्श	१५४६०००
अन्य भत्ता	७००८०००
विविध कार्यक्रम खर्च	८२३५०००
वडा कार्यालय भवन उद्घाटन वडा नं ७	३९१०४५ समानिकरण
वडा कार्यालय भवन उद्घाटन वडा नं १०	२४७५०० समानिकरण

सार्वजनिक खर्च गर्दा मितब्ययीता कायम हुनेगरी खर्च गर्नुपर्दछ ।

३१ करार कर्मचारी संचयकोष थप

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७४।१।२१ को निर्णयानुसार कार्यालयको स्वीकृत दरबन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई सञ्चयकोष कट्टीमा थप गर्ने व्यवस्था रहेको देखिँदैन। पालिकाले कानुनमा व्यवस्था नगरी पालिका अन्तर्गत कार्यरत अस्थायी तथा करार कर्मचारीको मासिक तलबबाट आधारभुत तलवमानको १० प्रतिशत वरावरको रकम मासिक कट्टी गरी सोही वरावरको रकम कार्यालयको तर्फबाट थप गरी सञ्चयकोषमा जम्मा गर्ने गरि यो वर्ष निम्नानुसार रु ३६१३९३७ सञ्चय कोष थप वापत भुक्तानी गरेको छ।कानुनमा व्यवस्था नगरी भएको अनियमित भुक्तानि रु

सि नं	कर्मचारीको नाम	संचयकोष थप गरी भएको भुक्तानी रकम रु
१	अजित कुमार चौधरी	४१६७६
२	ब्रिज कुमार गुप्ता	४१६७६
३	पार्वती देबी रौनियार	३९४८३
४	रंजिता चौधरी	२५१५२
५	अरविन कुमार माझी	५५०२२
६	युवराज चौधरी	५२४२७
७	राजु ढकाल	५२४२७
८	हेम नारायण माझी	५२४२७
९	अभिनाष गोसाई	४१६७६
१०	ओमकेश्वर शाह	४१६७६
११	गौतम चौधरी	४१६७६
१२	धिरेन्द् कुमार सुतियार	४१६७६
१३	मो समिर हुसेन	४१६७६
१४	विमल नारायण चौधरी	४१६७६
१५	सन्तोष खाँ	४१६७६
१६	अर्जुन कुमार खड्का	४१६७६
१७	उमेश कुमार चौधरी	३९४८३
१८	गोरेलाल चौधरी	३९४८३
१९	चित्रकला गच्छदार	३९४८३
२०	जयकुमार माझी	३९४८३
२१	दशनलाल चौधरी	३९४८३
२२	नेहाकुमारी चौधरी	३९४८३
२३	बिनिता राजभण्डारी	३९४८३
२४	रमेश प्रसाद शाह	३९४८३
२५	ललिता थरुनी	३९४८३
२६	सशिकला चौधरी	३९४८३
२७	जितेन्द्र कुमार गच्छदार	३९४८३

२८	भुवन कुमार श्रेष्ठ	३९४८३
२९	दिप नारायण विश्वास	३९४८३
३०	सुरेश कुमार माझी	३९४८३
३१	उमेश श्रेष्ठ	३३१३५
३२	ध्यानी चौधरी	३३१३५
३३	नरेश कुमार माझी	३३१३५
३४	विनिश परियार	३३१३५
३५	रामनारायण शाह	३३१३५
३६	अरविन्द कुमार शाह	२९००७
३७	कुमारी सुन्दास	२९००७
३८	गंगा प्रसाद ऋषिकेश	२९००७
३९	दिनेश कुमार कनगाई	२९००७
४०	दिपेन कुमार चौधरी	२९००७
४१	प्रभु नारायण चौधरी	२९००७
४२	बसन्त कुमार चौधरी	२९००७
४३	भगवती चौधरी	२९००७
४४	मन्टु कुमार रौनियार	२९००७
४५	मो समीरुद्धिन मिया	२९००७
४६	विलट मरिख	२९००७
४७	सुरेश कुमार पासवान	२९००७
४८	झटक बहादुर थापा	२५१५८
४९	निरज कुमार चौधरी	२५१५८
५०	मनिषा कुमारी चौधरी	२५१५८
५१	मिना कुमारी बस्नेत	२५१५८
५२	रवि रौनियार	२५१५८
५३	शारदा शिवाकोटी	२५१५८
५४	मनोज कुमार रौनियार	२५१५८
५५	सुरज कुमार खत्वे	२५१५८

५६	जयकिशन कुमार शाह	२४४६२
५७	दिल कुमारी धनाहा	२४३००
५८	सागर कुमार पाण्डे	२४३००
५९	जफरन खातुन	२४१५०
६०	संजय कुमार यादव	२४१५०
६१	स्मीता विश्वास	२४१५०
६२	अजय मलिक डोम	२१३९०
६३	अनिल मल्लिक	२१३९०
६४	खगीन्द्र डोम	२१३९०
६५	चाँदनी कुमारी चौधरी	२१३९०
६६	दिनेश कुमार चौधरी	२१३९०
६७	दिपक ऋषिदेव	२१३९०
६८	निर्मला कुमारी चौधरी	२१३९०
६९	फुल कुमारी चौधरी	२१३९०
७०	बैधनाथ चौधरी	२१३९०
७१	मुन्नु मरिक	२१३९०
७२	मैनी डोम मरिक	२१३९०
७३	मोहन कुमार मरिक	२१३९०
७४	विजय कुमार उवार	२१३९०
७५	सविता कुमारी चौधरी	२१३९०
७६	सुमित्रा देबी माझी	२१३९०
७७	नरेश कुमार कानगोई	२४१५९
सशर्तवाट तलब भुक्तानि हुने		
७८	मनोज कुमार चौधरी	२६८८३
७९	सिरिस देवी चौधरी	२६८८३
८०	ईन्ट्रानी कुमारी उराव	२६८८३
८१	गुन्जन कुमारी उराव	२६८८३
८२	विष्णुदेबी भट्टराई नेपाल	२६८८३

८३	सुशिल कुमारी गच्छदार	२१३९०
८४	सुशिला कुमारी मोची	२१३९०
CBR सहजकर्ता		
८५	गंगा चौधरी	३४३३२
८६	रेशम कुमारी चौधरी	३४३३२
८७	सन्तोषी कुमारी तवदार	३४३३२
८८	रोशनी रौनियार	३४३३२
एक गाँउ एक प्राविधिक		
८९	कमला भण्डारी गिरी	३६०००
९०	नवराज कार्की	३६०००
९१	मनराज अधिकारी	३६०००
९२	रुपनारायण मेहता	३६०००
कृषि तथा पशु शाखा		
९३	सतेन्द्र यादव	५२४२७
९४	सुरक्षा चौधरी	५२४२७
प्रधानमन्त्री रोजगार कार्यक्रम		
९५	पवन प्रधान	५२४२७
९६	राजकुमार माझी	४१६७६
९७	राजेश थापा	४१६७६
लघु उद्यम कार्यक्रम		
९८	दिवेश कुमार चौधरी	४१६७६
९९	सति विश्वास	४१६७६
नगर प्रहरी तर्फ		
१००	सिध्द्धार्थ कानगोई	३९४२८
१०१	डिल्ली बहादुर गुरुङ	३३१३५
१०२	राजेन्द कुमार चौधरी	३३१३५
१०३	अरविन उराव	३१२९९
१०४	धन कुमार खाँ थारु	३१२९९

१०५	प्रमेश नारायण खाँ	३१२९९
१०६	भुमिका चौधरी	३१२९९
१०७	मनिष कुमार शाह	३१२९९
१०८	शंकर यादव	३१२९९
१०९	सुमन कुमार पासवान	३१२९९
११०	सविना कुमार पासवान	३१२९९
१११	सुष्मिता कुमारी उराव	३१२९९
	जम्मा भएको भुक्तानी रु	३६१३९३७

अनियमित भएको	३६,१३,९३७

३२ पालिका खेलकुद कार्यक्रम

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।साथै मेलामहोत्सव तथा खेलकुद कार्यक्रम लगायतको खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरे नगरेको एकीन गर्नुपर्दछ । यस पालिकाले पालिकाभित्र हुने खेलकुदजन्य कार्यक्रम संचालनको कुनै कार्यविधि तर्जुमा गरेको देखिएन ।जसले गर्दा खेलकुद सामाग्री, खेल प्रशिक्षक र सहभागी पारीश्रमिक तथा पुरस्कार वितरणको आधार एकीन गर्न सकिएन ।पालिकाले यस वर्ष खेलकुद सम्वन्धि विभिन्न १२ वटा क्रियापकलाप गरी ५३,५०,००० खर्च गरेको देखिन्छ । खेलकुद संचालन तथा ब्यवस्थापन कार्यविधिको तर्जुमा गरी ब्यवस्थित हिसावले खेलकुद कार्यक्रम संचालन गर्नुपर्दछ ।

सि नं	खेलकुदको नाम	खर्च शीर्षक	खर्च भएको रकम रु
१	ब्याटमिन्टन खेल	२२५२९	३५००००
२	अन्य खेलकुद		५०००००
३	राष्ट्रपति रनिङ शील्ड खेलकुद		१५००००
४	मेयर कप प्रतियोगिता		११००००००
५	गोल्डकप प्रतियोगिता		७०००००
६	सोनापुर गोल्डकप		५०००००
७	म्याराथुन खेलकुद		२०००००
८	राष्ट्रपति रनिङ शील छनौट		३०००००
९	उपमेयर कप महिला भलिवल		५०००००
१०	भलुवा गोल्डकप खेलकुद		५०००००
११	डोरीतान खेल		२५००००
१२	क्रिकेट खेल		३०००००
		जम्मा भएको खर्च रु	५३,५०,०००

३३ **ज्यालादारी कर्मचारी पर्व खर्च**

स्थानिय सरकारी सेवा (संचालन तथा ब्यवस्थापन) ऐन २०८० दफा ८ को उपदफा १८ बमोजिम नियुक्ति हुने ज्यालदारी करार कर्मचारीले प्रमाणित डोर हाजिरीको आधारमा मासिक तलवभत्ता पाउने ब्यवस्था रहेकोमा पालिकाले तपसिल बमोजिमका कर्मचारीहरुको पर्वखर्च सम्वन्धित कर्मचारीवाट असुल उपर गर्नुपर्ने रु

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
३३.१	दुलारचन्द्र हजारी	२१,२९८
३३.२	शिवनारायण चौधरी	२४,७०२

असुल गर्नुपर्ने	४६,०००

३४ **जेन जि आन्दोलन र पालिकाको क्षति**

मिति २०८१।०५।२३ र २४ गतेको जेन जि आन्दोलनको क्रममा पालिकाको कार्यालयमा आगजनी हुदाँ पालिकाको चालुर्तफको प्रमाण कागजाता आंशीकरुपमा नष्ट भएको ब्यहोरा अवगत हुन आएकोमा स्थानिय संचितकोष ब्यवस्थापन प्रणाली (SUTRA) को डाँटावाट सुचना लिदाँ गत आ व २०८१।०८२ मा पालिका चालुतर्फको कुल २८९२ वटा भौचर सिर्जना भएकोमा २६२५ सम्मका भौचरहरु मात्र लेखापरीणका लागी पेश भएको र सङ्घीय सर्शत चालुतर्फ ४२६ वटा भौचर रहेकोमा ३८३ सम्मको भौचर तथा सो सँग सम्वन्धित प्रमाण कागजात र बीलबीजक लेखापरीक्षणको क्रममा पेश हुन आएकोले सो भन्दा पछिल्ला भौचरहरु सम्वन्धमा लेखापरीक्षण हुन सकेन ।

३५ **विगतको भ्रमण खर्च भुक्तानि**

भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण भत्ता कर्मचारी वा पदाधिकारीले मात्र पाउने व्यवस्था भएको तथा कर्मचारी वा पदाधिकारी भन्दा बाहिरको ब्यक्तिलाई भ्रमण आदेश दिँदा नियमावलीको नियम २० मा भएको ब्यवस्था अनुसार भ्रमण गर्ने ब्यक्तिको

भ्रमण आदेश भ्रमण गराउने निकायले निर्णय गर्ने तथा कुन तहको भन्ने स्पष्ट किटान नभएको अवस्थामा द्धितीय स्तरको मानिने ब्यवस्था रहेको छ तथा सोही नियमावलीको नियम ४ बमोजिम भ्रमण किफायती र छिटो साधनको प्रयोग गरी हुनुपर्ने ब्यवस्था उल्लेख गरेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१५) मा भुक्तानि कच्चावारीमा समावेश हुन सक्ने खर्च शीर्षकको उल्लेख गरिएकोमा भ्रमण खर्च समावेश छैन । सो नियममा नियमित भ्रमणभत्ताको सम्वन्धमा विगतको आ व को दायित्व भुक्तानि सम्वन्धमा कुने ब्यहोरा उल्लेख गरेको नदेखिएकोले सम्वन्धित पदाधिकारीवाट भुक्तानि बराबरकोको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने रु

क्रम	कर्मचारीको नाम	असुली रकम
३५.१	श्री राजु ढकाल	४७,४००

असुल गर्नुपर्ने	४७,४००

३६ पदाधिकारी सुविधा

३६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू १ करोड १६ लाख ३६ हजार खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ९ करोड ५८ लाख ७८ हजार रहेको छ।जुन आन्तरिक आयको १२.१४ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३६.२ बैठक भत्ता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू.२१ लाख ६३ हजार ,कर्मचारीको बैठक भत्ता वापत रू. ५ लाख समेत जम्मा रू. २६ लाख ६३ हजार खर्च गरेको देखियो । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

३७ ज्यालादारी करार खाजा खर्च

कोशी प्रदेश सरकारको खाजा खर्चसम्वन्धि कार्यविधि,२०८९ बमोजिम अतिरिक्त खाजा खर्च गर्दा कार्यालयको २२७११ खर्च शीर्षकमा विनियोजन भएको रकमवाट खर्च लेख्नुपर्ने ब्यहोरा उल्लेख छ।सोहि मापदण्ड बमोजिम खाजा खर्चको भुक्तानि प्रयोजनका लागि विद्युतीय हाजिरीलाई मात्र मान्यता दिने र कार्यालयमा हाजिर भएको र कार्यालयवाट छुट्ने समय खुल्ने गरी विद्युतीय हाजिरीको हार्डकपि प्रमाणित हुनुपर्नेछ।विद्युतीय हाजिरी नभएको अवस्थामा खाजा खर्च प्रदान गरिनेछैन ।पालिकाको हकमा पालिकाको खाजा खर्च सम्वन्धि कुनै मापदण्ड तर्जुमा नभएको तथा कोशी प्रदेशको खाजा खर्च सम्वन्धि मापदण्ड २०८० को पुर्ण परिपालना नगरी ज्यालादारी कर्मचारीहरुलाई खाजा खर्चवापत भुक्तानि गरीएको असुल गर्नुपर्ने रकम रु

कर्मचारीको नाम	भुक्तानि रकम रु
नविन कुमार मगर	९०००
नरवज आलम	९४५०
राजेश्वर चौधरी	९४५०
कादिर मिँया	८१००
दुलारचन्द हजारी	७५००
शिवनारायण चौधरी	७५००
मधुदेवी गोश्वामी	७२००
महेन्द्र डोम	८१००
शिवनारायण चौधरी	९४५०
पुनम डोम मरिक	७९५०
पान्ती कुमार पासवान	५५५०
सुष्मा राई	३७५०
बृज किशोर गुप्ता	४०५०

असुल गर्नुपर्ने	९७,०५०

३८ **पदाधिकारी वैदेशिक भ्रमण**

दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदको निर्णयका आधारमा भ्रमण गर्नुपर्दछ । पालिका उपप्राुखको विदेश भ्रमणमा जाँदा नेपाल सरकार मन्त्रिपरिषदको निर्णय भएको देखिएन ।यसरी निर्णय बेगर वैदेशिक भ्रमण गरी रु ४७३८०० खर्च भएको देखिन्छ । वैदेशिक भ्रमाणमा खटी जानु पूर्व नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिनुपर्दछ ।

गो भौ नं।मिति	पदाधिकारीको नाम	पद	भुक्तानि भएको रकम रु	भ्रमण अवधि	मुलुक
८२६।२०८१।०८।१३	मेनुका पोखरेल	उपप्रमुख	४७३८००	१५ दिन	सिंगापुर लगायत

३९ **निजी शिक्षक पारीश्रमिक**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८१।८२ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकासित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलव भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा १३ शिक्षक निजी करार (दरबन्दी बाहिर)मा नियुक्त गरी यो वर्ष समानीकरण अनुदान स्रोतबाट रु.२१९६००० तलब भत्ता वापत भुक्तानी गरेको देखिएकोले अनियमित रु कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

क्र स	विद्यालयको नाम	ठेगाना	करार शिक्षक संख्या	अनुदान रकम रु
१	श्री नवीन शिक्षा निकेतन	दुहवी – २	१	१८६०००
२	श्री विपी आधारभुत विद्यालय	दुहवी – ४	२	३३६०००
३	श्री मदरसा ईस्लाहुल मुस्लेमिन	दुहवी – ४	१	१८६०००
४	श्री सरस्वती माध्यामिक विद्यालय	दुहवी – ४	१	१८६०००
५	श्री विपी आधारभुत विद्यालय	दुहवी – ८	१	१८६०००
६	श्री मदरसा तब्लिगुल ईस्लाम	दुहवी – ९	२	३८६०००
७	श्री जनता माध्यामिक विद्यालय	दुहवी – १०	१	१६८०००
८	श्री ग्रामजनता आधारभुत विद्यालय	दुहवी – ११	१	१६८०००
९	श्री दुर्गा आधारभुत विद्यालय	दुहवी – ११	१	३१८०००
१०	श्री हिमालय आदर्श माध्यामिक विद्यालय	दुहवी – १२		
जम्मा भुक्तानि भएको रु			१३	२१९६०००

अनियमित भएको	२१,९६,०००

४० नगर अस्पताल तर्फ

४०.१ पालिकाबाट संचालित नगरस्तरीय अस्पतालको आयको मुख्य स्रोतको रुपमा पालिकाबाट प्राप्त आर्थिक अनुदान, काउन्टर आम्दानी, एम्बुलेन्स आम्दानी, विमाबाट प्राप्त आम्दानी तथा गैरसकारी संस्थाबाट प्राप्त आर्थिक सहयोग आदि रहेको छ । पालिकाको नाममा रहेको विविध कोष खातामा विभिन्न स्रोतबाट संकलन भएको आम्दानी जम्मा भइ सोही कोषबाट अस्पतालको व्यवस्थापन समितिको निर्णयको आधारमा व्यवस्थपकिय तथा संचालन कार्यमा उपयोग गरेको छ । स्रोतको अभाव तथा अपर्याप्ताको बावजुद पनि संचालित यो अस्पतालले आफ्नो मातहतमा रहेका आम्दानीका स्रोतहरुको भरपुर उपयोग गर्ने तर्फ विशेष जोड दिनुपर्छ । अस्पतालमा सेवाको निमित आउने सेवाग्राहीहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु अस्पतालको मुल प्राथमिकता हो ।यस वर्ष पालिकाले नगरसभावाट अनुदान रु १८६८६००० विनियोजन गरेको देखिन्छ। साथै सशर्त तथा पालिका तर्फको औषधी खरीद गरी हस्तान्तरण गरेको देखिन्छ ।वर्तमान आम्दानी स्रोतको अभिलेखांकन तथा संचालन जस्ता कार्यमा थप सक्रियता, कार्यदक्षता तथा प्रभावकारीताका साथ आम्दानी स्रोतको आकार विस्तारमा ध्यान पुर्याउनु पर्दछ ।

४०.२ काउन्टर आम्दानीः अस्पताल व्यवस्थापन तथा संचालन समितिको निर्णय बमोजिम काउन्टर आम्दानीको दर तोकिने गरिन्छ ।यसमा अस्पतालले सेवा लिन आउने सेवाग्राहीहरुबाट दर्ता शुल्क, पर्चा शुल्क जस्ता अरु प्रशासनिक शुल्क आदि बाट निश्चित दरबाट आम्दानी प्राप्त हुने गरेको पालिकाको भनाई रहेको छ । पालिकाले आम्दानी संकलन गर्नको लागि नगदी रसिदको प्रयोग गर्ने गरेको भनाई रहेको छ । तर आम्दानी संकलनको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नं उल्लेखित सहितको रसिद नियन्त्रण खाता राखेको देखिएन । अस्पतालबाट संकलित आम्दानी तथा दाखिलाको नामनामेसी सहितको विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन नगरेको र आम्दानी विवरण समेत उपलब्ध नगराएको कारण अस्पतालको आम्दानी यकिन गर्न सकिएन । यसबाट अस्पतालले के कति रसिदको प्रयोग गरी के कुन कार्यमा के के कति दरमा कति रकम बराबर आम्दानी गरेको छ सो सम्बन्धमा सुनिश्चित गर्न सकिएन । तसर्थ पालिकाले अभिलेख व्यवस्थित गरी हिसाबकिताब दुरुस्त राख्नुपर्दछ ।

४०.३ बीमाः स्वास्थ्य विमाको सहारामा स्वास्थ्य सेवा लिने सेवाग्राहीको लगत राखि सोही लगतको आधारमा सम्बन्धित विमा वोर्ड तथा कम्पनिबाट विमावापतको रकम सोधभर्ना माग गर्नुपर्छ । स्वास्थ्य विमाको आधारमा सेवा लिने सेवाग्राहीलाई सेवा दिदा के कुन सेवा,उपचार तथा सामाग्रीमा विमाले थाम्ने हो तथा त्यसको अतिरिक्त सेवाग्राही स्वयंमले व्यहोरेको खर्च सहितको लगत सम्बन्धी अभिलेख राखी सोही बमोजिम विमा वापतको रकम सोधभर्ना माग गर्नुपर्छ । अस्पतालले यो वर्ष कति जना सेवाग्राहीहरुले विमावाट सेवा लिए, विमित मध्ये के कति वापतको रकम सोधभर्ना माग गरियो तथा के कति रकम सोधभर्ना माग गर्न बाँकी छ सो कुरा खुल्ने विवरण सहितको अभिलेख व्यवस्थापन गरेको देखिएन । साथै अस्पतालबाट संकलित आम्दानी तथा दाखिलाको नामनामेसी सहितको विवरण खुल्ने गरी अभिलेख व्यवस्थापन नगरेको कारण अस्पतालको आम्दानी तथा खर्च यकिन गर्न सकिएन । तसर्थ पालिकाले नगर अस्पतालको अभिलेख व्यवस्थित गरी हिसाब किताब स्पष्ट र पारदर्शी बनाउनुपर्दछ ।

४१ **अपाङ्गता रोकथाम** -

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को उपनियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । उपनियम ३९ (१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । गो. भौ. नं अनुसार ४३।२०८२-०३-१५ अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत पालिकाले अपांग व्यक्तिहरुका लागि ह्विल चियर जस्ता सहयोग सामाग्री खरिद वापत श्वेता ईन्टरप्राइजेज लाई रु २७११७६ भुक्तानी दिएकोमा उक्त सामाग्री वितरणको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,७१,१७६

४२ **फोहोरमैला ब्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष फोहरमैला व्यवस्थापनको लागि रू.२१ लाख ९३ हजार खर्च गरेको छ। पालिकाले फोहोरमैला सेवाशुल्क निर्धारण गरी उपभोक्ता कार्ड वितरण गरी संकलन गर्नपर्दछ । साथै फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४३ **आन्तरीक राजश्व ब्यवस्थापन**

४३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान	आन्तरिक आय रु.	आन्तरिक आय %
६४३३४०७५७.७०	९५८७८१३३.१२	१४.९०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 14.९० प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४३.२ यस पालिकामा बिगत ३ बर्षको राजश्व अशुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

आर्थिक बर्ष	अशुली रकम (रु. हजारमा)
२०७९।८०	६४५८०२४१
२०८०।८१	७७६२४३४४.७०
२०८१।८२	९५८७८१३३.१२

आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन सहितको प्रयाश जारी रहनुपर्दछ

।

४४ **नक्सापास**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९. बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति जारी गरेको संख्या २३८० रहेकोमा स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरेको अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।

४५ **मुल्य अभिबृद्धि कर दाखिला**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय तह वा मुल्य अभिवृद्धि कर नलाग्ने बस्तुको कारोवार गर्ने सार्वजनिक संस्थाले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मु.अ.कर असुल गरी त्यस्तो कर राजस्व शीर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार आय ठेक्का मार्फत राजस्व संकलन गरेकोमा मु.अ.कर संकलन गरेको देखिएन। अत बिक्री गरेको रकम रू. को १३ प्रतिशतले हुने मु.अ.कर रू. २३९०४३५ र सोमा लाग्ने नियमानुसारको व्याज समेत सम्बन्धितहरुबाट असुल गरी संघीय राजस्व शीर्षक नं.३३३१७ मा दाखिला हुनुपर्ने रु.

क्र सं	कामको विवरण	व्यबसायीको नाम	रकम	मु.अ.कर वापत असुल हुनुपर्ने रू
१	मवेशी पशु चौयाय जिङ	प्रिज्मा ग्राफिक्स एण्ड एडभरटाई	१२९२९२०.३५	१६८०८०
२	मंगलवारे खसी सुँगुर बिक्रि हाटकर	प्रिज्मा ग्राफिक्स एण्ड एडभरटाई	९८१७११.५०	१२७६२२
३	जिउदो खसीबाखा हाटकर	श्री भिम शंकर घिमिरे	११४१५९२	१४८४०७
४	दैनिक गुँदरी हाटकर	श्री ईन्तियाज मिया	२३७४६४.६०	३०८७०
५	भलुवा फर्साही हाटकर	श्री शम्भु कुमार माझि	२७१४१.५९	३५२८
६	विहिवारे साप्ताहिक हाटकर	श्री मातृका राई	१८४३८०	२३९६९
७	आईतवारे साप्ताहिक हाटकर	श्री रकिदन खातुन	२८८६२.८३	३७५२
८	बुधवारे मंगलवारे आईतवारे हाटकर	गुलाव मिया	२८३९४६.९०	३६९१३
९	वडा नं १२ का सम्पुर्ण हाटकर	श्री श्रवण पासवान	५०१७६.९९	६५२३
१०	शुक्रवारे सोमवारे हाटकर	वोधनारायण शाह	२३९७७.८८	३११७
११	भौसि डिल हाटकर	श्री भोला मिया	४९१०६.१९	६३८४
१२	बुधबारे हाटकर	सोहाना खातुन	१२५४४२.४८	१६३०८
१३	कवाडी कर	श्री सिद्धि विनायक टेडेस	२३३०३८४.९६	३०२९५०
१४	मंगलवारे शुक्रवारे हाटकर	रकिदन मिया	४७८७६.११	६२२४
१५	विज्ञापन कर	श्री श्रतिक मिडिया प्रा लि	५०८९८३.१९	६६१६८
१६	नदीजन्य पदार्थ उत्खनन तथा बिक्री कर	आतिया कन्ट्रक्सन प्रा लि	११०६१९४६.९०	१४३८०५३
१७	आईतवारे बुधवारे हाटकर	श्री विश्वनारायण शाह	१२०४६.९०	१५६६
			प्रमाण पेश नगरेको	२३,९०,४३५

४६ **ब्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले १७३४ वटा ब्यवसायको दर्ता तथा नवीकरण शुल्क वापत रु ७९५७९८४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४७ **पारीश्रमिक कर**

आयकर ऐन, २०५८ को दफा ८ (१) मा कुनै आय वर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने र सोहि ऐनको ८ (२) मा रोजगारीवाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस लगायतका कुराहरु समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोहि ऐनको अनुसूची १ मा तोके बमोजिमको दरमा पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था

रहेको छ। पालिकामा कार्यरत कर्मचारीहरुको वार्षिक आयको सीमा बमोजिम आर्थिक वर्ष २०८१/८२ को कर गणना गरी पारिश्रमिक कर दाखिला गर्नुपर्नेमा कर्मचारीहरु एकल वा दम्पत्ती भन्ने पालिकाको अभिलेख वाट नदेखिने भएकोले कर्मचारीहरुलाई एकल वा दम्पत्ती स्व घोषणा गर्न लगाई कर गणना गर्नुपर्दछ ।

४८ **राजश्व बक्यौता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायीबाट रु २३,९२,१५९ असुल गर्न बाँकी रहेकोले उक्त रकममा लाग्ने मु.अ.कर र प्रचलित कानून बमोजिमको ब्याज जरिवाना समेत गणना गरी असुल गर्नुपर्ने रु.

क्र.सं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम (मु अ कर समेत)	दाखिला रकम	बाँकी रकम
१	प्रिज्मा ग्राफिक्स एण्ड एडभरटाईजिङ	मंगलबारे खसि सुगुर बिक्री हाटकर	१२६१०००	११०९३३४	१५१६६६
२	श्री ईन्तियाज मिया	दैनिक गुदरी हाटकर	६९९९९९	२६८५००	४३१४९९
३	श्री शम्भु कुमार माझि	भलुवा फर्साहि हाटकर	७९९९९	३०६७०	४९३२९
४	श्री रकिदन खातुन	आईतवारे साप्ताहिक हाटकर	८५०००	३२६१५	५२३८५
५	श्री गुलाव मिया	बुधबारे मंगलबारे आईतवारे हाटकर	५७५५७५	३२०८६०	२५४७१५
६	श्री सिद्धि विनायक ट्रेडर्स	कवाडी कर	४००००००	२६३३३३५	१३६६६६५ (मिति२०८२।०३।३२ गतेको च नं ५८३७ को पत्राचार पछि समेत दाखिला नभएको
७	रकिदिन मिया	मंगलवारे शुक्रवारे हाटकर	१४००००	५४१००	८५९००
				असुल गर्नुपर्ने	२३,९२,१५९

४९ **आय ठेक्का**

कोशी प्रदेश आर्थिक ऐन ,२०८१ को दफा (७) मा प्रदेश भित्रको ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा, चिप्स, चुनढुङ्गा, अभ्रख, खरीढुङ्गा, चट्टान, स्लेट, माटो, बलौट, भरौट र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुन बमोजिम वाताबरणीय अध्ययन स्वीकृत गराउनु पर्ने, सोही ऐनको अनुसुची- ६ बमोजिम प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क अशुल गरी ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यबस्था छ ।पालिकाले उल्लितखित पदार्थ सङ्कलन तथा बिक्रीबाट रु ११५७०९३०.संकलन गरेकोमा प्रदेश सञ्चित कोषमा रु.४६२८३७३ दाखिला गरेको पाइएन ।स्थानीय सरकार संचालन ऐनको व्यवस्था अनुसार कुनै रकम प्रदेश संचित कोषमा पठाएको देखिएन । कानुनी व्यवस्थामा बिबिधता हुँदा संकलित रकम जम्मा गर्न तथा बाँडफाँट सम्बन्धमा स्पष्टता नभएको अबस्था रहेको देखिन्छ ।संघ तथा प्रदेशबाट जारी भएका कानुनमा द्विविधा नहुने गरी कार्यान्वयनमा गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

सि नं	विवरण	ठेक्का रकम (मु अ कर बाहेक)	असुली (मु अ कर बाहेक)	प्रदेश सरकारलाई पठाउनुपर्ने रकम	कैफियत
१	नदीजन्य पदार्थ उत्खनन तथा बिक्री कर	११०६१९४७।००	११०६१९४७।००	४४२४७७९	दाखिला बाँकी
२	विज्ञापन कर	५०८९८३	५०८९८३	२०३५९४	दाखिला बाँकी
				प्रमाण पेश नगरेको	४६,२८,३७३

५० **आयको शीर्षकगत विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ ।

क्र.सं.	प्राप्तिको श्रोत	आम्दानी
१	सम्पति कर	७३४९७८७.६८
२	भुमिकर/ मालपोत	३१२३४१४.०३
३	वहाल कर	७३८४१३०.२०
४	वहाल विटौरी कर	८४३६२२२
५	अन्य सेवा शुल्क तथा विक्री	५६३२९०
६	न्यायिक दस्तुर	५९१९८.३०
७	अन्य प्रशासनिक सेवा शुल्क	१२७०००
८	नक्सा पास दस्तुर	५५३३६१३.८०
९	सिफारीस दस्तुर	२४२९०१४.६२
१०	ब्यक्तिगत घटना दर्ता दस्तुर	१६७२००
११	नाता प्रमाणित दस्तुर	५५२००
१२	अन्य दस्तुर	२९९४७८७१
१३	प्रशासनिक दण्ड जरीवाना र जफत	११३७००
१४	ब्यवसाय कर	७९६७९८४.१५
१५	दहत्तर बहत्तर शुल्क	१३३७२०००
१६	विभिन्न वडागत आय	९२५८५०७.३४
	जम्मा रु	९५८७८१३३.१२

५१ विद्यालय सेवा शुल्क

पालिकाको विनियोजन ऐन २०८१ बमोजिम पालिकाभित्र सञ्चालित तपसिलका विद्यालयहरुले नवीकरण शुल्क बुझाएको नदेखिएकोले नियमानुसार लाग्ने कर तथा जरीवाना समेत असुल गर्नुपर्ने रु

सि नं	विद्यालयको नाम	नवीकरण शुल्क रु
१	स्मीता एण्ड अभिषेक एकेडेमी	५०००
२	सेन्ट पौल्स जुनियर वल्ड प्रा लि	५०००
३	गुरुकुल एकेडेमी	४०००
४	विद्या संस्कार स्कुल	५०००
५	लिटिल फ्लावर एकेडेमी फाउण्डेशन प्रा लि	५०००
६	महेन्द मेमोरियल सेकेण्डरी ईङ्लिस स्कुल	१००००
७	बि एस मोडेल बोर्डिङ स्कुल	१००००

असुल गर्नुपर्ने	३९,०००

५२ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदि जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन।साथै पालिकासँग पालिकाभित्र कति क्षेत्रमा वनक्षेत्र छ भन्ने सुचना देखिएको छैन । यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ ।

५३ विज्ञापन कर

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क.को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिज्ञापनबापत भुक्तानी गर्दा बिज्ञापन एजेन्सीले जारी गरेको बिल बिजकका आधारमा भुक्तानी गरेको र बिज्ञापन गर्दा लिने छुटमा पनि बिबिधता रहेको देखिन्छ ।

त्यस्तै कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा १०(२) मा कुनै विज्ञापन वा सूचनालाई छापा, श्रव्य, दृष्य, बिद्युतीयमाध्यम, अनलाइन वा सामाजिक सञ्जाललगायत माध्यम प्रयोग गरी विज्ञापन वा सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा मु.अ.कर बाहेकको रकममा ३ प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी भुक्तानी गर्ने र त्यसरी कट्टा गरिएको रकम आफ्नो कार्यालय वा निकाय रहेको स्थानीय तहको बिभाज्य कोषमा दाखिला गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । बिज्ञापनबापत भुक्तानी गर्दा उच्चतम छुट लिने र सम्बन्धित सञ्चार माध्यमले जारी गरेको बिल बिजकका आधारमा भुक्तानी दिने व्यबस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । त्यस्तै निम्न अनुसार भुक्तानी दिएको विज्ञापन खर्च रकममा ३ प्रतिशतले हुने रकम तोकिए बमोजिमको कोषमा कोषमा दाखिला गर्नुपर्ने रु.

क्रम	**कर्मचारीको नाम**	**असुली रकम**
५३.१	ईष्टन एडभरटाईजिङ प्रा लि	५,४१४
५३.२	एस के मिडिया	५,१८५
५३.३	रोजी एडभरटाईजिङ	७,९८०
५३.४	सत्यपथ मिडिया	९,१७९

असुल गर्नुपर्ने	२७,७५८

५४ कार्यक्रम संचालन

५४.१ आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्ने, नियम ३९(८)मा उपनियम(७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संङ्ख्या र उपस्थितिसमेत समाबेश गरी प्रतिबेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यबस्था भए पनि सो अनुसार लागत अनुमान तयार गरी कार्यक्रम समाप्ति पश्चात प्रतिबेदन तयार गरी स्वीकृत गरेको पाइएन। यस्तो अबस्था गरिएको सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको बिश्वसनियता र प्रभाबकारीता न्युन हुन जाने हुँदा तोकिएको प्रकृया पुरा गरेर मात्र तालिम कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ ।केहि उदाहरण

गो भौ नं । मिति	कार्यक्रमको नाम	संचालक	सहभागी संख्या	संचालित दिन	भुक्तानि भएको रकम रु
१९६०।२०८२।०१।२६	उपमेयर महिला तथा किशोरी आत्मरक्षा कार्यक्रम	आवाज नेपाल	५० जना	५ दिन	२५००००
१८८३।२०८२।०१।१२	लाईट गाडी ड्राईभिङ तालिम	लालिगुराँस मल्टी टेक्निकल ईन्टिच्युट	१५	२१ दिन	२४७३००

५४.२

गो भौ नं । मिति	कार्यक्रमको नाम	संचालक	सहभागी संख्या	संचालित दिन	भुक्तानि भएको रकम रु
१५६१।२०८१।११।२३	झोला बनाउने तालिम		१३	१५ दिन	१९८३१५
लागत अनुमानमा मुल्य अभिबृद्धि कर उल्लेख नगरीएकोमा सो वापत रु २२५९४ र अनुगमन वापतको रु १०००० गरी जम्मा बढी भुक्तानि भएको रु ३२५९४ सेवाप्रदायक निकायवाट असुल उपर गर्नुपर्ने देखिन्छ ।					
१४२०।२०८१।११।०५	ड्राईभिङ तालिम		१० जना	२६ दिन	१४९५००
१२४२।	कम्प्युटर तालिम	दुहवी एजुकेशन एण्ड कन्सल्टेन्सी एकेडेमी	२९ जना	३० दिन	१५०७००
अनुगमन वापत भुक्तानि भएको रकम रु ८००० असुल उपर गर्नुपर्ने ।					

असुल गर्नुपर्ने	४०,५९४

५५ बैठकभत्ता

५५.१ अर्थ मन्त्रालयको कार्य संञ्चालन निर्देशिकाको बुँदा नं ४५ मा भएको ब्यवस्था पुरै पालना भएकोमा अवस्थामा मात्र बैठकभत्ता प्रदान गर्न सकिने तथा सोहि कार्यविधिको बुँदा नं ४६ मा समेत बैठकभत्ता सम्वन्धमा कुनै थप ब्यवस्था गरेको देखिदैन ।साथ यसैगरी सार्वजनिक खर्च मितब्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड २०८१ को बुँदा नं १५ (४)मा नियमित कामको बैठक भत्ता उपलब्ध हुनेछैन भनि उल्लेख छ ।पालिकाले तपसिल बमोजिमको ठेक्का मुल्याङ्कन गर्दा लिएको बैठकभत्ता वापतको रकम असुल उपर गर्नुपर्ने रु

गो भौ नं मिति	३।२०८१।१२।३१	
कर्मचारीको नाम	बैठक संख्या	भुक्तानि भएको रकम रु
सुवर्ण घिमिरे	९	७६५०
विषेश गौतम	९	७६५०
कचित दुलाला	४	३४००
महेश धिताल	९	७६५०
हेमनारायण माझी	९	७६५०
परशुराम माझी	९	७६५०
अभिनाष गोसाई	९	७६५०
संजय चौधरी	९	७६५०
समिर हुसेन	९	७६५०
गौतम चौधरी	९	७६५०
संतोष खाँ	२	१७००
अर्जुनदेव	९	७६५०
धरतिपतिनाथ गच्छदार	९	७६५०

असुल गर्नुपर्ने	८९,२५०

५५.२ (590-2081-07-09):
गाँउ तथा नगरसभाको सदस्यहरुको सुविधासम्वन्धि ऐन २०७५ को अनुसुची १ मा कार्यापालिकाको बैठकभत्ता उल्लेख गरेको छ । सोही अनसुची बमोजिम आमत्रितलाई उपस्थिति देखाई वैठकभत्ता दिन सकिने कुनै ब्यवस्था देखिदैन।साथै अर्थ मन्त्रालयको कार्य संञ्चालन निर्देशिकाको बुँदा नं ४५ मा भएको ब्यवस्था पुरै पालना भएकोमा अवस्थामा मात्र बैठकभत्ता प्रदान गर्न सकिने तथा सोहि कार्यविधिको बुँदा नं ४६ मा समेत बैठकभत्ता सम्वन्धमा कुनै थप ब्यवस्था गरेको देखिदैन ।साथ यसैगरी सार्वजनिक खर्च मितब्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड २०८१ को बुँदा नं १५ (४)मा नियमित कामको बैठक भत्ता उपलब्ध हुनेछैन भनि उल्लेख छ । पालिकाले कार्यपालिका बैठकमा प्रमुख प्रशासकिय अधिकृत बाहेक अन्यको उपस्थिति देखाई बैठकभत्ता बापत गरीएको भुक्तानि असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५८,६५०

५६ **शिक्षा तर्फः-**

५६.१ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ५६ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

क्रसं	विद्यालयको नाम	विद्यालयलाई भएकोकुल निकासा	जम्मा विद्यार्थीसंख्या	प्रति विद्यार्थीलागत
१	जनता मायावती आधारभूत विद्यालय, दुहबी १	८२२०४८७	५५३	१४८६५
२	मदन आश्रित आधारभूत विद्यालय, दुहबी १	३७९२६८९	२५८	१४७००
३	मदरसा इस्लामिया, दुहबी १	१८११३३४	२३१	७८४१
४	नेपाल राष्ट्रिय आधारभूत विद्यालय, दुहबी २	५६६३५२६	१४२	३९८८४
५	नवीन शिक्षा निकेतन आधारभूत विद्यालय, दुहबी २	६७५९७४०	२६५	२५५०८
६	भोला आधारभूत विद्यालय, दुहबी ३	४०६९२३८	१५३	२६५९६
७	विपी आधारभूत विद्यालय, दुहबी ४	५३४०१५९	३२१	१६६३६
८	सरस्वती माध्यमिक विद्यालय, दुहबी ५	२११२२०७३	९१४	२३१०९
९	पञ्चायत आधारभूत विद्यालय, दुहबी ६ कालिमन्दिर	२९९६९५३	२८९	१०३७०
१०	पञ्चायत आधारभूत विद्यालय, दुहबी ५	६३९३०५०	७२	८८७९२
११	आधारभूत विद्यालय, दुहबी ७	५६५६७५१	२७९	२०२७५
१२	भलुवा आधारभूत विद्यालय, दुहबी ७	४२०७७३६	१५५	२७१४७
१३	विष्णु माध्यमिक विद्यालय, दुहबी ८	१२०९३७७३	५१८	२३३४७
१४	विपी आधारभूत विद्यालय विद्यालय, दुहबी ८	२१९४२८२	११३	१९४१८
१५	पशुपति आधारभूत विद्यालय, दुहबी ९	३५५६६७३	१७०	२०९२२
१६	वेलाल पब्लिक मदरसा विद्यालय, दुहबी ९	९५९२९८	१०७	८९६५
१७	मदरसा तब्लिगुल इस्लाम विद्यालय, दुहबी ९	३३८६०१०	७५१	४५०९
१८	शारदा आधारभूत विद्यालय, दुहबी १०	२७२७८८९	१३६	२००५८
१९	विपी आधारभूत विद्यालय विद्यालय, दुहबी १०	३५३७४७३	२१०	१६८४५
२०	जनता माध्यमिक विद्यालय, दुहबी १०	१०९६८१४३	५१५	२१२९७
२१	ग्राम जनता आधारभूत विद्यालय, दुहबी ११	२७२१०९३	१९०	१४३२२
२२	दुर्गा आधारभूत विद्यालय, दुहबी ११	४६१६६९३	२४२	१९०७७
२३	गोपाल माध्यमिक विद्यालय, दुहबी ११	११५६७३७८	३८६	२९९६७
२४	हिमालय आदर्श माध्यमिक विद्यालय, दुहबी १२	११११२८९९	५६२	१९७७४
२५	कर्मा आधारभूत विद्यालय, दुहबी १२	२३१११७५	१०४	२२२२३

२६	शारदा आधारभूत विद्यालय, दुहबी १२	५६६२३७६	१५६	३६२९७
२७	शाल्पामाध्यमिक विद्यालय, दुहबी १२	१०३४५०८३	४४३	२३३५२
२८	एकता ज्ञानमौथिल आधारभूत विद्यालय, दुहबी १२	१३५८४६५	१११	१२२३८
२९	नयाँ स्लाम मदरसा दुहवी १	६७७६९०	११४	५९४५
३०	नुरी मदरसा इस्लामपुर दुहवी १	७९२४३४	१८१	४३७८
३१	मदरसा ज्याउल स्लाम दुहवी २ तुताहा	६३१२१०	९३	६७८९
३२	मदरसा स्लाहुल मुस्लिमिन दुहवी ४	१८०६४१६	३३२	५४४१
३३	दिनेश चौधरी स्मृति आधारभूत विद्यालय दुहवी १२	३७६७८७	१०४	३६२३
जम्मा		१६९४३६९७७	९१७०	१८४७७.३१

उल्लिखित विवरण अनुसार सबै भन्दा धेरै प्रति विद्यार्थी लागत श्री पञ्चायत आधारभूत विद्यालय, दुहबी ५ को रू ८८७९२ र सबै भन्दा कम प्रति विद्यार्थी लागत दिनेश चौधरी स्मृति आधारभूत विद्यालय दुहवी १२ को रू. ३६२३ देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वियन गर्नुपर्दछ।

५६.२ **दिवा खाजा-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ । IEMIS मा रहेको कक्षा ५ सम्मको विद्यार्थी संख्या जम्मा ६३७५ जना रहेको देखियो । गो.भौ.नं ९६, १७१, २५४ र ३७१ अनुसार कार्यालयले यस वर्ष विभिन्न ३३ विद्यालयहरुलाई दिवा खाजा वापत रु. १६७२१५०५ बराबरको भुक्तानी दिएकोमा EMIS को तथ्याङ्क अनुसारको विद्यार्थी संख्या तथा कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम दिवा खाजाको मेनु तयार गरेको तथा भौतिक रुपमा उपस्थित विद्यार्थी संख्या यकिन गरी वि.व्य. स. अध्यक्षद्वारा प्रमाणित गरेको देखिएन । तोकिएका मापदण्ड तथा निर्देशिकाको पुर्ण पालना गरि दिवा खाजा वापतको रकम निकाशा दिनुपर्दछ ।

५६.३ लेखापरीक्षण प्रतिवेदन :- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा सामाजिक तथा आर्थिक लेखापरीक्षण वापत आधारभुत तथा माद्यामिक विद्यालयलाई क्रमश प्रति विद्यालय १००००/- र १५०००/- का दरले एकमुष्ठ अनुदान दिने व्यवस्था छ । पालिकाले विभिन्न ३१ वटा विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण वापतको रकम एकमुष्ठ रु ६२००००/- निकासा दिएकोमा देहाय बमोजिमका विद्यालयहरुबाट लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले लेखापरीक्षण प्रतिवेदनको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

क्र.स.	विद्यालयको नाम	रकम रु
१	जनता मायावती आधारभूत विद्यालय , दुहबी १	१००००
२	मदन आश्रित आधारभूत विद्यालय , दुहबी १	१००००
३	मदरसा इस्लामिया , दुहबी १	१००००
४	नवीन शिक्षा निकेतन आधारभूत विद्यालय , दुहबी २	१००००
५	भोला आधारभूत विद्यालय , दुहबी ३	१००००
६	सरस्वती माध्यमिक विद्यालय , दुहबी ५	१५०००
७	पञ्चायत आधारभूत विद्यालय , दुहबी ५	१००००
८	आधारभूत विद्यालय , दुहबी ७	१००००
९	भलुवा आधारभूत विद्यालय , दुहबी ७	१००००
१०	विपी आधारभूत विद्यालय विद्यालय , दुहबी ८	१००००
११	पशुपति आधारभूत विद्यालय , दुहबी ९	१००००
१२	वेलाल पब्लिक मदरसा विद्यालय , दुहबी ९	१००००
१३	मदरसा तब्लिगुल इस्लाम विद्यालय , दुहबी ९	१००००
१४	शारदा आधारभूत विद्यालय , दुहबी १०	१००००
१५	विपी आधारभूत विद्यालय विद्यालय , दुहबी १०	१००००
१६	जनता माध्यमिक विद्यालय , दुहबी १०	१००००
१७	ग्राम जनता आधारभूत विद्यालय , दुहबी ११	१००००
१८	दुर्गा आधारभूत विद्यालय , दुहबी ११	१००००
१९	गोपाल माध्यमिक विद्यालय , दुहबी ११	१५०००
२०	हिमालय आदर्श माध्यमिक विद्यालय , दुहबी १२	१५०००
२१	कर्मा आधारभूत विद्यालय , दुहबी १२	१००००
२२	नयाँ स्लाम मदरसा दुहवी १	१००००
२३	नुरी मदरसा इस्लामपुर दुहवी १	१००००
२४	मदरसा स्लाहुल मुस्लिमिन दुहवी ४	१००००
२५	दिनेश चौधरी स्मृति आधारभूत विद्यालय दुहवी १२	१००००
	जम्मा रु	२६५०००

प्रमाण पेश नगरेको	२,६५,०००

५६.४ **निशुल्क पाठ्यपुस्तक-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम

मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । गो.भौ. नं १५८/२०८१-११-२० तथा १७१/२०८१-१२-११ अनुसार पालिकाले यस आर्थिक वर्षमा IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्क भन्दा बढी देहाय बमोजिम विद्यालयहरुलाई पाठ्यपुस्तक वापत बढी भुक्तानी दिएकोले सम्बन्धीत विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	कक्षा	बढी संख्या	दर रु	रकम	जम्मा रु.
१	मदरसा इस्लाहु मुस्लिमिन	२	१६	५५६	८८९६	११२८०
		४	४	५९६	२३८४	
२	जनता मावि १०	३	६	५८०	३४८०	३४८०
३	आधारभुत विद्यालय ७	२	८	५५६	४४४८	४४४८
४	एकता ज्ञानमैथिल आवि	१	७	५२०	३६४०	३६४०
५	सरस्वती मावि	१	५	५२०	२६००	५४२४
		६	४	७०६	२८२४	
६	जनता मायावती आवि	६	४	७०६	२८२४	२८२४
	जम्मा रु.					३१०९६

असुल गर्नुपर्ने	३१,०९६

५६.५ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५५४ जना रहेका छन। पालिकाले यो वर्ष २६४१८ (प्याकेट) थान स्यानिटरी प्याड रु ६,८६,६०३.८२ (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

५६.६ **आइसिटी ल्याव स्थापना** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ। सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनुपर्दछ । यस पालिकाबाट संचालित यस कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयहरुले खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन। अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनुपर्दछ ।

क्रसं	विद्यालयको नाम	कार्यक्रमको नाम	जम्मा निकासा	कैफियत
१	मदरसा तब्लिगुल इस्लाम, दुहबी-९	ICT ल्याब व्यवस्थापन पुस्तकालयसमेत	६५००००	
जम्मा			६५००००	

५६.७ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको

ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्थागरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरीलागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

५६.८ **विद्यालय सुधार योजना** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१/८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० को ५.१ मा विद्यालय सुधार योजना निर्माण वापत आधारभुत विद्यालयलाई प्रति विद्यालय वार्षिक रु १५ हजार तथा माध्यामिक विद्यालयलाई प्रति विद्यालय वार्षिक रु २० हजारका दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले विद्यालय सुधार योजना निर्माण वापतको दिएको निकासा मध्ये देहाय बमोजिमका विद्यालयहरुबाट विद्यालय सुधार योजना पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयकोनाम	रकम
१	मदरसाइस्लामिया, दुहबी १	१५०००
२	नवीनशिक्षा निकेतन आधारभूत विद्यालय, दुहबी २	१५०००
३	भोलाआधारभूत विद्यालय, दुहबी ३	१५०००
४	विपीआधारभूत विद्यालय विद्यालय, दुहबी ८	१५०००
५	जनतामाध्यमिक विद्यालय, दुहबी १०	२००००
६	गोपालमाध्यमिक विद्यालय, दुहबी ११	२००००
७	नुरी मदरसाइस्लामपुर दुहबी १	१५०००
८	दिनेशचौधरी स्मृति आधारभूत विद्यालय दुहवी १२	१५०००
	जम्मा रु.	१३००००

प्रमाण पेश नगरेको	१,३०,०००

५६.९ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३३ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

क्रसं	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपुर्ति	जम्मा विद्यार्थीसंख्या	शिक्षक विद्यार्थीअनुपात
१	जनता मायावती आधारभूत विद्यालय	१०	१०	५५३	१:५५
२	मदन आश्रित आधारभूत विद्यालय	५	५	२५८	१:५२
३	नेपाल राष्ट्रिय आधारभूत विद्यालय	७	७	१४२	१:२०
४	नवीन शिक्षा निकेतन आधारभूत विद्यालय	९	९	२६५	१:३०
५	दिनेश चौधरी स्मृति आधारभूत स्कूल	०	०	१०४	0
६	भोला आधारभूत विद्यालय	६	६	१५३	१:२६
७	वि.पि आधारभूत विद्यालय,दुहबी-४	६	६	३२१	१:५४
८	सरस्वती माध्यमिक विद्यालय	२५	२४	९१४	१:३७
९	पञ्चायत आधारभूत विद्यालय ५	८	८	२८९	१:३६
१०	पञ्चायत आधारभूत विद्यालय ६	४	४	७२	१:१८
११	आधारभूत विद्यालय	८	८	२७९	१:३५
१२	भलुवा आधारभूत विद्यालय	५	५	१५५	१:३१
१३	विष्णु माध्यमिक विद्यालय	१५	१५	५१८	१:३५
१४	वि.पि आधारभूत विद्यालय ८	३	२	११३	१:३८
१५	पशुपति आधारभूत विद्यालय	४	४	१७०	१:४३
१६	शारदा आधारभूत विद्यालय १०	४	३	१३६	१:३४
१७	वि.पि आधारभूत विद्यालय १०	४	४	२१०	१:५३
१८	जनता माध्यमिक विद्यालय	१४	१४	५१५	१:३७
१९	ग्राम जनता आधारभूत विद्यालय	३	३	१९०	१:६३
२०	दुर्गा आधारभूत विद्यालय	५	५	२४२	१:४८
२१	गोपाल माध्यमिक विद्यालय	१५	१४	३८६	१:२६
२२	हिमालय आदर्श माध्यमिक विद्यालय	११	११	५६२	१:५१
२३	कर्मा आधारभूत विद्यालय	३	३	१०४	१:३५
२४	शारदा आधारभूत विद्यालय १२	९	८	१५६	१:१७
२५	शाल्पा माध्यमिक विद्यालय	१५	१४	४४३	१:३०
२६	एकता ज्ञान मैथिल आधारभूतविद्यालय	०	०	१११	0
२७	मदरसाइस्लामिया	३	३	२३१	१:७७
२८	नयाँइस्लाम मदरसा	०	०	११४	0

२९	नुरी मदरसा इस्लामपुर	०	०	१८१	0
३०	मदरसा ज्याउल इस्लाम	०	०	९३	0
३१	मदरसा इस्लाहुल मुस्लिमिन	०	०	३३२	0
३२	बेलाल पब्लिक स्कूल मदरसा	२	२	१०७	१:५४
३३	मदरसा तब्लिगुल इस्लाम	१	१	७५१	१:७५१
जम्मा		२०४	१९८	९१७०	१:45

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १:१७ देखि १:७५१ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

५६.१० **सिकाई केन्द्रलाई अनुदान** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी आर्थिक वर्ष २०८१।८२ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम न २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रहरुलाई अनुदान उपलव्ध गराउन सकिने मापदण्ड अन्तर्गत वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट तथा कार्यक्रम पेश भएको, गत आ व को खर्च स्वीकृत भएको, लेखापरीक्षण गरि प्रतिवेदन पेश गरेको, शैक्षिक सूचना व्यवस्थापन प्रणाली EMIS भरेको, सिकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय अनुसार परिचालकको हाजिरी प्रमाणित अभिलेख पेश गरेको हुनुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष दुहबी सामुदायिक सिकाइ केन्द्रलाई रू ३४९६००/- अनुदान उपलव्ध गराएकोमा उल्लिखित कागजात पेश नगरेकोले उल्लिखित मापदण्ड पुरा भएको सुनिश्चितता हुन सकिएन । आगामी दिनहरुमा उल्लेखित मापदण्डहरु पुरा गरेको आधारमा मात्र निकासा दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५६.११ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। पालिकाबाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार विद्यालय अनुदानको नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	विद्यालयलाई अनुदान	विद्यालय संख्या	रकम
१	पाठ्यपुस्तक अनुदान	३३	४७१६२९५/-
२	छात्रवृत्ति अनुदान	३३	२४४७२००/-

५७ **प्रति विद्यार्थी लागत** -

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप नं २.७.१३.५० अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था रहेको छ । यसरी अनुदान दिदा विद्यार्थी संख्या यकिन गर्नुपर्ने र यकिन गरिएको प्रत्येक तहगत विद्यार्थी संख्यालाई निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको रकम विद्यालयलाई अनुदान दिनुपर्दछ । कार्यालयले कुन विद्यालयका कति विद्यार्थी संख्या हुन सो बारेमा स्थलगत निरिक्षण नगरिकनै IEMIS मा देखिएका विद्यार्थी संख्याको आधारमा मात्र रकम निकासा गरेको छ । पालिकाले त्रिवेणी माद्यामिक विद्यालयलाई IEMIS को विद्यार्थी तथ्याङ्क भन्दा बढी भुक्तानी दिएकोले बढी निकाशा रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,५००

५८ **विद्यार्थीलाई कामको संसार चिनाउने**- (२९२-2082-03-12):

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गरि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम शिर्षकबाट वृत्ति ल्याव स्थापना गर्न मा.वि. सञ्चालित ५ वटा सामुदायिक विद्यालयहरुलाई पालिकाले प्रति विद्यालय २५२००० का दरले अनुदान दिएको छ । उक्त अनुदानबाट आईसिटी ल्याब स्थापनाको लागि पालिका र अनुदान प्राप्त विद्यालयहरुबीच भएको सम्झौताको ४(ख) मा अनुदान प्राप्त विद्यालयहरुले बार्षिक प्रतिवेदन तयार गरी पालिकामा पेश गर्नुपर्ने उल्लेख छ । उक्त सम्झौता बमोजिमको बार्षिक प्रतिवेदन पेश नभएकोले सम्बन्धित विद्यालयहरुबाट प्रमाण पेश गर्नेपर्ने रु

क्र.स.	विद्यालयको नाम	रकम रु
१	श्री गोपाल मा.वि.	२५२०००
२	श्री जनता मा.वि.	२५२०००
३	श्री विष्णु मा.वि.	२५२०००
४	श्री शाल्पा मा.वि.	२५२०००
५	श्री हिमालय आदर्श मा.वि.	२५२०००
	जम्मा	१२६००००

प्रमाण पेश नगरेको	१२,६०,०००

५९ **सामाजिक भत्ता वितरणको अनुगमन:-**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

६० **प्रधानमन्त्री रोजगार कार्यक्रम:-**

रोजगारी सृजना - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वटा वडामा सुचिकृत ५४८ बेरोजगार मध्ये यो वर्ष ७ योजना सञ्चालन गरी ५३ जनालाई औसत ९१.३३ दिनले ४८४१ दिन रोजगारी उपलव्ध गराई रु. ३२,३३,७८८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब २१.३९ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

वडा नं.	सुचिकृत बेरोजगार संख्या	रोजगार संख्या	रोजगार प्राप्त गरेको दिन	प्रति व्यक्ति रोजगार प्राप्त गरेको दिन	कुल खर्च	प्रति व्यक्ति औषत रोजगारी आय	रोजगार प्रतिशत
१	७१	५	५००	१००	३३४०००	६६८००	७
२	३८	५	४२५	८५	२८३९००	५६७८०	१३
३	२६	०	०	०	०	०	०
४	७	०	०	०	०	०	०
५	१२३	०	०	०	०	०	०
६	४२	०	०	०	०	०	०
७	४७	१८	१५०६	८४	१००६००८	५५८८९	३८
८	३१	६	५१०	८५	३४०६८०	५६७८०	१९
९	४६	९	९००	१००	६०१२००	६६८००	२०
१०	११७	१०	१०००	१००	६६८०००	६६८००	९
जम्मा	५४८	५३	४८४१	९१	३२३३७८८	६१०१५	१०

६१ **समग्र ठेक्का व्यवस्थापन**

६१.१ ठेक्का अभिलेख - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। पालिकाको पुर्वाधार शाखामा मिति २०८२।०५।२४ को जेन्जी आन्दोलनको क्रममा आगजनी भएकोले निर्माणकार्य तथा खरिदसँग सम्वन्धित ठेक्का तथा खरिदका फाईल लगायतका सम्पुर्ण कागजातहरु नष्ट भएको कार्यालयले जानकारी गराई सोसँग सम्बन्धी कुनै पनि कागजातहरु लेखापरीक्षणको लागी पेश भएको छैन । यस सम्बन्धमा मिति २०८२।०५।२९ को प्रहरी मुचुल्का पेश भएको छ ।

६१.२ कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

६१.३ निर्माण कार्यको लगतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६१.४ गुणस्तर परीक्षण: सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा,

जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

६१.५ डि.एल पि.अभिलेखः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ

६२ बढी भुक्तानी

नेपाल सरकार भौतिक पूर्वाधार मन्त्रालयको स्वीकृत नर्म्समा Bituminus Surface मा Tack Coat को खपत ०.४-०.६ केजी प्रति वर्ग मीटर हुने उल्लेख छ । जसको औषत ०.५ केजी प्रति वर्ग मीटर अर्थात ०.४७६ लिटर प्रति वर्ग मीटर हुन जान्छ । पालिकाले देहायको योजनामा Tack coat को परिमाण बढी गणना गरी बढी भुक्तानी दिएको रकम सम्बन्धित निर्माण ब्यवसायीबाट असुल गर्नु पर्ने रु

गो.भौ.नं. र मिति	योजनाको नाम	निर्माण व्यवसायी	भुक्तानी रकम	भुक्तानी दिनुपर्ने रकम	बढी भुक्तानी
४६४।०८२।०२। २७(नगरपालिका पुँजीगत)	Construction of asphalt concrete road at duhabi municipality ward no. 2 badge road to health post	श्री सयपत्री निर्माण सेवा, सुनसरी	१८८२४४। २७	८९६०४। ५९	९८६३९।
४१।०८२।०२। २०(प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम)	बगदे सडक निर्माण कार्य, दुहबी २	ताबिज निर्माण सेवा, सुनसरी	३५८६६८। ६७	१७०७२६। ६६	१८७९४२।
	जम्मा				**२८६५८१।**

असुल गर्नुपर्ने	२,८६,५८१

६३ प्रमाण पेश

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमको कारोबार गरी रु. २५९१९५०। भुक्तानी दिएकोमा बिल, भरपाई र कागजात संलग्न रहेको नदेखिएकोले आवश्व प्रमाण कागजात पेश गर्नुपर्ने रु

गो.भौ.नं. र मिति	विवरण	आपूर्तिकर्ता	भुक्तानी रकम	कैफियत
९३।०८१।०९।२२	५५० थान ब्ल्याङ्केट खरिद	श्री दिक्षान्त प्रगति सप्लायर्स एण्ड ट्रेडर्स, बिराटनगर-११	९९७५०७।	वितरण गरेको भरपाई पेश हुनुपर्ने
१५२।०८१।०८।१७	१०४१ थान उनीको स्वेटर र टोपी सेट खरिद	मोहन ट्रेडर्स एण्ड सप्लायर्स, बिराटनगर	८५२८९३।	वितरण गरेको भरपाई पेश हुनुपर्ने
३५२।०८१।१२।२६	भलुवा स्कुल दक्षिणको मुल सडकमा पक्की नाला निर्माण कार्य	बाटो मर्मत निर्माण कार्य उ.स. वडा नं. ७	७४१५५०।	उपभोक्ता सम्बन्धी बिल पेश हुनु पर्ने
	जम्मा		२५९१९५०।	

प्रमाण पेश नगरेको	२५,९१,९५०

६४ **ऋण तथा ब्याजको अभिलेख**

ऋण तथा व्याजको अभिलेख - एसियाली विकास बैंकलगायतका विकास साझेदारसँग नेपाल सरकारले ऋण लिई नगर विकास कोषलाई ऋण प्रवाह गरेको छ । यसरी प्राप्त ऋण रकम नगर विकास कोषले सरकारले तोकेको ब्याजदर लिने सम्झौता गरी नगरपालिकाहरुको विकास निर्माण र पूर्वाधारमा काम गर्ने गरी ऋण प्रवाह गरेको जानकारी हुन आयो । नगर बिकास कोषले यस पालिकामा बहुउद्देश्यीय भवन निर्माण कार्यका लागि रु. ७,५५,७३,६४९। उपलव्ध गराएको ऋण र सो का लागि भुक्तानी गर्नुपर्ने ब्याजको हिसाब राख्नु पर्नेमा पालिकाले तयार गरेको एकीकृत वित्तीय विबरणमा ऋण तथा ब्याजको गणना गरी उल्लेख गरेको देखिएन । प्राप्त ऋण तथा व्याजको अभिलेख राखी सम्झौता अनुसारको काम गर्ने व्यबस्था हुनुपर्दछ ।

क्र सं	पालिका	गरिएको काम	सम्झौता रकम	प्राप्त रकम
१	दुहबी नगरपालिका	बहुउद्देश्यीय भवन	१६४२१४५००	७५५७३६४९

६५ **अन्य निकायको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नगरपालिका पुँजीगतको गो.भौ.नं. र मिति ५३।०८१।०६।२२ बाट पालिकाले आफ्नो कार्य क्षेत्रभन्दा वाहिरको कार्यालय वडा नं. ४ को सशस्त्र प्रहरी बल कार्यालय मर्मत कार्यको लागि श्री शुभलक्ष्मी निर्माण सेवा, बिराटनगर ४ लाई रु. ४०५३५३। भुक्तानी दिने कार्य मनासिब देखिएन । यस्तो प्रकृतिको खर्चले थप व्ययभारमात्र वढ्दै जाने तथा अनुदानप्राप्त निकाय पालकाको कार्यक्षेत्र भन्दा बाहिरको निकाय भएकोले सो भुक्तानि वापतको रकम अनियमित देखिएको रु

अनियमित भएको	४,०५,३५३

६६ **सोझै खरीद कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले निम्नानुसार मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता तथा भुक्तानी हुँदा पालिकाले प्रतिस्पर्धाको लाभ प्राप्त नहुने अबस्था रहने हुँदा सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने गरि खरिद कार्य गर्नु हुँदैन ।

भौ न/ मिति	आपुर्तिकर्ता/ व्यक्तिको नाम	खरिद गरिएको वस्तु तथा सेवा	भुक्तानि रु
१०६। ०८१।०७। ११	श्री हाम्रो निर्माण सेवा, सुनसरी	वडा नं. १० मा रहेको कृषि प्रशोधन केन्द्रमा भौतिक पूर्वाधार सम्बन्धी कार्य	९९४६०५
११३। ०८१।०७। १२	श्री शिव इलेक्ट्रो फ्याब्रिकेट्स प्रा.लि., मोरङ	वडा नं. १० स्थित रहेको कृषि प्रशोधन केन्द्रमा मेन लाईन ट्रान्सफरमरदेखि प्रशोधन केन्द्रको प्यानल बोर्डसम्म बिजुली जडान कार्य	८९७२९६
१६४। ०८१।०८। २१	सावना निर्माण सेवा, सुनसरी	वडा नं. ५ कित्ता नं. २६ को माटो ढुवानी गरि फाल्ने कार्य	९७७६७६
२२५। ०८१।१०। १४	ताविज निर्माण सेवा, सुनसरी	दुहवी १० स्थित कृषि प्रशोधन केन्द्रमा भौतिक पूर्वाधार सम्बन्धी कार्य	९९२६३०
५२०। ०८२।०३। १४	ठाकुर कन्स्ट्रक्सन, सुनसरी	सार्वजनिक शौचालय निर्माण, वडा नं. ११	९३५८४३
३।२०८२। ०३।२२	एल एस एण्ड ईन्फोसिस	चट्याङ प्रतिरोधी सिष्टम जडान	९९३०२०
	जम्मा		५७९१०७०

५

५

६७ **औषधीजन्य खरीद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि मापदण्ड बमोजिम तोकिएको अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न फर्महरुबाट रु १४ लाख ९० हजार को औषधिजन्य पौष्टिक आहार खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

गो भौ नं । मिति	औषधीको विवरण	सप्लायर्सको नाम	परमाण के जि	खरीद मुल्य रु
१२५४।२०८१।१०।१४	पोषिलो पिठो खरीद	अनन्त ईन्टरनेशनल	२५१०	४९९१८९
१२५५।२०८१।१०।१४	पोषिलो पिठो खरीद	विलसि ईन्टयान्ट फुड	३२१५	९९९०६१
		जम्मा भुक्तानि रकम रु		१४९९०५०

६८ **उपभोक्ता समितिबाट कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी

स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाइएन ।

६९ अमानतवाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(३) मा अमानतबाट निर्माण कार्य गर्नु पर्नेमा त्यस्तो काम एक लाख रुपैंयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष देहायबमोजिमको पटक पटक गरी एक लाख रुपैंया भन्दा बढी कुल रु. १०७२८३५। को निर्माण कार्य पालिकाको कर्मचारी मार्फत गराई भुक्तानी दिएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो.भौ.न. र मिति	निर्माण कार्य	भुक्तानी रकम	भुक्तानी पाउने कर्मचारी
१०।०८१।०६।१०	वडाको विभिन्न बाटोहरु ग्राभेल गर्ने कार्य	९०९९८।	सबईन्जिनियर श्री अविनाश गोसाई
२०।०८१।०६।१४	दुहवी ४ टेंग्रा खोला कटान नियन्त्रणका लागी माटो पुर्ने कार्य	९०३७८।	श्री टंक प्रसाद आचार्य, वडा सचिव, वडा न. ४
२१।०८१।०६।१४	वडा न. ९ को हाटबजारमा खानेपानी टुवेल जडान तथा भरौट भर्ने कार्य	९०७५८।	अधिकृत छैठौं श्री उत्तम कुमार खतिवडा
२२।०८१।०६।१४	विभिन्न बाटो मर्मत	९९३३२।	वडा कर्मचारी श्री दशनलाल चौधरी
२३।०८१।०६।१४	वडा नं. २ को विभिन्न बाटो मर्मत संभार	९९९९३।	सबईन्जिनियर श्री धिरज सरदार
४५।०८१।०६।१८	वडा नं. ८ को विभिन्न बाटो मर्मत संभार	७१६३४।	का.स. श्री नविन मगर
११४।०८१।०७।१२	वडा नं. ६ को स्वास्थ्य चौकीमा टायल लगाउने कार्य	९८१९४।	सबईन्जिनियर श्री गौतम चौधरी
४५५।०८२।०२।२१	वडा नं. १० को धनुषा खोलामा बाँध बाँध्ने कार्य	७८९३८।	सबईन्जिनियर श्री राज कुमार माझी
४५७।०८२।०२।२१	खानेपानी पाईप जडान गर्न माटो खन्ने पुर्ने र ग्राभेल गर्ने कार्य	६६०८८।	श्री गोपाल खतिवडा, वडा सचिव, वडा नं. १
४५९।०८२।०२।२१	वडा नं. ३ का विभिन्न सडक मर्मत कार्य	८८९३८।	का.स. श्री झटक बहादुर थापा
५००।०८२।०३।११	नगर अस्पताल जाने बाटो ग्राभेल	९९३६६।	सबईन्जिनियर श्री गौतम चौधरी
५९०।०८२।०३।२२	वडा नं. १२ का बाटो कल्भर्ट नाला मर्मत	९८२१८।	श्री अनुष्का भट्टराई, वडा सचिव, वडा नं. १२
	जम्मा भुक्तानि भएको रु	१०७२८३५।	

७० सामाजिक सुरक्षा भत्ता वितरण:-

७०.१ **चौमासिक वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ १२ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु ४६८६२४५२।- दोस्रो त्रैमासिकमा रु. ४७४२१५५५।- तेस्रो त्रैमासिकमा रु. ४८०३५३७६।- र

चौथो त्रैमासिकमा रु.४८६५५९४०।- समेत रु.१९०९७५३२३।- निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

वडा न	पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१	२२६५३२९	२२८९४८४	२३१३६१३	२३२९१३१	९१९७५५७
२	२७९६६२८	२८१०७३६	२८६१६६४	२८९१५६४	११३६०५९२
३	२५६३७३४	२५९२३६०	२६०२९६३	२६६४३७३	१०४२३४३०
४	३१५१५७३	३२०८७७९	३२३६८९९	३२८६८७५	१२८८४१२६
५	२७३७९२६	२८१७०७८	२८५१६५८	२९२६८३०	११३३३४९२
६	२८२९४२२	२८८३९५६	२९२७०४०	२९७५१२३	११६१५५४१
७	३४८५२६२	३४८८५०३	३५४७०५२	३५५८९९४	१४०७९८११
८	४३५९८९८	४४४४५१०	४४९२२४१	४५६८१०७	१७८६४७५६
९	४०३९०१६	४१३८४६२	४१७६७३७	४२२४४८८	१६५७८७०३
१०	५१९८०८२	५२३९०२१	५२६२९४६	५२८०७०१	२०९८०७५०
११	६२५२९२१	६२८१४८२	६४१३३७५	६५०४८३८	२५४५२६१६
१२	७१८२६६१	७२२७१८४	७३४९१८८	७४४४९१६	२९२०३९४९
जम्मा	४६८६२४५२	४७४२१५५५	४८०३५३७६	४८६५५९४०	१९०९७५३२३

७०.२ **वर्गगत सामाजिक सुरक्षा खर्च** - यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा विभिन्न ११ वटा बैँकबाट जम्मा रु.१९०९७५३२३।- वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन्

सामाजिकसुरक्षाभत्तापाउनेसमुह	कायम संङ्ख्या	वितरण गरेको संङ्ख्या	वितरण गरेको रकम
जेष्ठ नागरिक अन्य	९७२८	९७२८	११५५९७४२१
जेष्ठ नागरिक(दलित)	१२९८	१२९८	१०२१८८३७
जेष्ठ नागरिक एकल महिला	१५६४	१५६४	१२४४८४३४
विधवा महिला(आर्थिक सहायता)	४१२९	४१२९	३२७१३८७२
पूर्ण अपाङ्गता(क बर्ग)	५५२	५५२	६५७९३६३
अति अशक्त अपाङ्गता(ख बर्ग)	१५१२	१५१२	९५५१७८५
बाल पोषण भत्ता	२५३०	२५३०	३८६५६११
जम्मा	२१३१३	२१३१३	१९०९७५३२३

७०.३ **दोहोरो नागरिकता नं-** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका १२ वटा वडाको पहिलो त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ । यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक

त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यदि दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा ७०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७०.४ **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

७०.५ **पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दुहवी नगरपालिका, सुनसरी , दुहवी नगरपालिका , सुनसरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	हिमालय बराल	२०८०-११-२१	२०८१-११-१६
कार्यालय प्रमुख	सुवर्ण घिमिरे	२०८१-११-१४	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखा अधिकृत दिपेन्द्र चौधरी	२०७५-२-२७	२०८१-८-१०
लेखा प्रमुख	बिशेष गौतम	२०८१-८-१७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,३३२,२३८	९,७७९,६५९	११,५३६,९३४	०	०	३,८५६,५०२
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२८,५०५,३३३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२८,५०५,३३३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७३४४३२२८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५३८३४५२५०	चालु खर्च	५५२०४६०७९
प्रदेश सरकारबाट अनुदान	५२३१६७०६	पूँजीगत खर्च	२६२७१२७४४
राजश्व बाँडफाँट	१०४९९५५३८	वित्तीय/अन्य व्यवस्था	२९६७५७१०३
आन्तरिक आय	१४३५४५४१३		
अन्य आय	२८३६८८६७६		
कुल आय	११२२८९१५८३	कुल खर्च	११११५१५९२६
बाँकी मौज्दात		८४८१८८८५	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	१६,२८,६९,०९५.७३	१६,२८,६९,०९५.७३	१९,२९,२६,८७७.८२	०.००
१३०००	अनुदान	५७,४८,८६,५७०.००	५७,४८,८६,५७०.००	४४,८१,२२,०३०.००	०.००
१४०००	अन्य राजस्व	६,६८,७७,९१५.३९	६,६८,७७,९१५.३९	४,७८,९७,९६५.१३	०.००
क	कुल जम्मा प्राप्ति	८०,४६,३३,५८१.१२	८०,४६,३३,५८१.१२	६८,८९,४६,८७२.९५	
३	चालु	५५,२०,४६,०७९.५०	५५,२०,४६,०७९.५०	४८,०८,२३,५२२.९५	०.००
२१०००	पारिश्रमिक / सुविधा	२७,६५,५४,८०१.३७	२७,६५,५४,८०१.३७	२६,४०,८२,४३२.९२	०.००
२२०००	मालसामान तथा सेवाको उपयोग	२२,७४,६७,०३८.१३	२२,७४,६७,०३८.१३	२०,३१,८०,६८०.०३	०.००
२५०००	सहायता (Subsidy)	४१,०६,५५९.००	४१,०६,५५९.००	३५,०७,३४०.००	०.००
२७०००	सामाजिक सुरक्षा	७७,०४,६९५.००	७७,०४,६९५.००	९०,७६,१७५.००	०.००
२८०००	अन्य खर्च	३,६२,१२,९८६.००	३,६२,१२,९८६.००	९,७६,८९५.००	०.००
४	पूंजीगत	२६,२६,७५,८१६.००	२६,२६,७५,८१६.००	२१,०५,९४,६८३.००	०.००
३१११०	भवन तथा संरचना	९,०१,५४,८७९.००	९,०१,५४,८७९.००	३,३४,२२,११४.००	०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	८७,६०,०७६.००	८७,६०,०७६.००	२,४०,५९,१२९.००	०.००
३११३०	अन्य पूँजीगत खर्च	९,९५,५२०.००	९,९५,५२०.००	६,२९,९००.००	०.००
३११५०	सार्वजनिक निर्माण	१६,१४,५२,८७५.००	१६,१४,५२,८७५.००	१५,२४,८३,५४०.००	०.००
३१४१०	जग्गाप्राप्ति खर्च	१३,१२,४६६.००	१३,१२,४६६.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी	८१,४७,२१,८९५.५०	८१,४७,२१,८९५.५०	६९,१४,१८,२०५.९५	
ग)	बचत / कमी (ग = क-ख)	(१,००,८८,३१४.३८)	(१,००,८८,३१४.३८)	(२४,७१,३३३.००)	

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषका मौज्दातको थप/ घट (+/-)	(१४,३०,८२०.१०)	(१४,३०,८२०.१०)	२०,३६,९८४.९७	
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी	९,२३२.००	९,२३२.००		
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)	(१,१५,१९,१३४.४८)	(१,१५,१९,१३४.४८)	(४,३४,३४८.०३)	
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६,०२,९२,०७६.३७	६,०२,९२,०७६.३७	६,०७,२६,४२४.४०	
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,८७,७२,९४१.८९	४,८७,७२,९४१.८९	६,०२,९२,०७६.३७	

बेरूजु दफा ७०.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

SN	Ward Number	Member Name	Citizenship Number	Father Name	Bank Account Number
1	8	BOKAI MUSAHAR	063008 I 327	Banda Musahar	12321400726297000001
2	9	Hamesha Khatun	063008 I 327	Amin Miya	03910800200440000001
3	1	Somi Sah	063009 I 114	Kadam Lal Sha	07910206975281000001
4	5	Domni Devi Rouniyar	063009 I 114	Ram Narayan Rouniyar	03020761580
5	10	Phul Jhariya Giri	063011 I 116	Rama Giri	A885974360652401
6	10	Ghirna Kumari Uraw	063011 I 116	Ajit Musahar	1085752772673001
7	10	Jogendra Thakur	063011118	Mungi Lal Thakur	1088550973578001
8	10	Manauri Devi Musahar	063011118	Shrilal Musahar	A885977351952401
9	12	Soti Lal Rishidev	063014 I 364	Budhu Mushar	1088550531549001
10	12	Tara Devi Musahar	063014 I 364	Jugthu Musahr	1088551258442001
11	12	Pabitri Devi Yadav	063014 I 489	Mani Lal Yadaw	A885989560152401
12	12	TETARI DEVI URANW	063014 I 489	Bikhal das jhagad	1088552972690001
13	2	Thaku Chaudhary	1034	Phul Chandra Chaudhary	11110017502230
14	8	GANGA DEVI RAI	1034	Prithivi Dhawaj Rai	12321400738913000001
15	9	Alauddin Miya	1052	Suleman Miya	03910800213433000001
16	11	Kokaram Majhi Tharu	1052	Thaku Majhi Tharu	1750100000673033
17	5	Shreemati Champadevi Saha Haluwai	1223	Chandra Saha	03018574780
18	8	NIRMALA POKHAREL	1223	Krishna Prasad Koirala	12321400726298000001
19	2	Haudu Bhagat Tharu	1224	Dhaulai Bhagat Tharu	11110017502961
20	3	Shrimati Jalekha Miya	1224	Bhola Miya	11055922550019
21	8	GANGIYA RISHIDEV	1244	Chhatiya Rishidew	12321400744810000001

22	10	CHANDRA LAL URAW	1244	Musharu Urauw	A885976292052401
23	1	Kashiram Chaudhary	1280	Ganeshlal Chaudhary	07910207309632000001
24	7	ASHI THARUNI	1280	Manikchan Kha Tharu	0400588665405001
25	2	Heyawati Tharuni	1379	Badam Bishwas	11110017502243
26	8	SITA RIMAL	1379	Chakra Prasad Niraula	12321400926007000001
27	8	RUDANI RISHIDEV	1379	Bihari Bishwakarma	12321400738907000001
28	2	Dhan Maya Bhatta	1381	NO No	11110017502779
29	2	Bhulan Devi Sahu Teli	1381	Sohi Sahu Teli	11110017502284
30	8	ANITA LIMBU	1537	Mamat Bahadur Gurung	12321400763606000001
31	9	Chichai Musahar	1537	Thaku Musahar	03910800214980000001
32	3	Dharam Narayan Chaudhary	168	Paharu Lal Tharu	11054602880022
33	8	SAHADEV RAI	168	Bartaman Rai	12321400741155000001
34	2	Ram prasad mallaha	1858	Saukhi Lal Mallaha	11110017502212
35	12	Shiv Narayan Ray	1858	Adhik Lal Ray	1088550962988001
36	10	Phul Kumari	216	Chhutaharu Thandar	A885976781452401
37	12	Birendra lal chaudhary	216	Lalchan Chaudhary	1088551302966001
38	1	Sumit Kumar Majhi	218	Joglal Tharu	07910207062499000001
39	12	Nanda Prashad Banjara	218	Gopi Lal Banjara	A885960904152401
40	2	Badri Balami	2276	Krishna Bahadur Balami	11110017502156
41	4	Rajo Devi Tharuni	2276	Ram Prasad Majhi	00900540200019
42	8	TALWATI THARUNI	2397	Panchu Thandar	12321400738945000001
43	10	Tali Devi Tharuni	2397	Puran Dhami Chaudhary	A885973587752401
44	2	Kariwai Kumari Jhagad	2443	Dhan Lal Jhagad	11110017502979

45	9	Kusamidevi Tharu	2443	Cararu Chaudhary	03910800154923000001
46	1	Sampati Lal Shah	2617	Khusilal Shah	07910207329063000001
47	7	Kari Tharuni	2617	Panchi Chaudhary	0401235041231001
48	2	Hafij Miya	2662	Kokai Miya	11110017502175
49	7	Tara Devi Bishwas Tharu	2662	Sartu Majhi Tharu	0401108961405001
50	8	BISHWANATH RAI	268	Jyoti Man Rai	12321400738930000001
51	12	Raj kumari jhagad	268	Sundra das jhagad	1088552860479001
52	6	Babu Narayan Jha	275	Rama Kant Jha	0602803028737013
53	9	Nitu Chaudhari	275	Gulabchan Chaudhary	03910800156287000001
54	1	Manachaniya Miyani	2792	Mimajan Miya	07910206300849000001
55	1	Hadisha Khatun Miyani	2792	Choti Miya	07910206568173000001
56	3	Resami Devi Majhi	2792	Sonilal Majhi	11051403250018
57	2	Lahani Devi Tharuni	2907	Lachhan Lal Chaudharu	11110017502251
58	9	Sitaram Chaudhary	2907	Taru Das Chaudhary	03910800155437000001

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।